# शाहजहाँको इच्छा कविताको लयविधान

**अनिल अधिकारी**, उपप्राध्यापक (नेपाली विभाग), महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
Email : pramilaa088@gmail.com
**रेखा रेग्मी**, उपप्राध्यापक (नेपाली विभाग), म्याग्दी बहुमुखी क्याम्पस, बेनी
Email : rekharpaudel@gmail.com
**निर्मला ढकाल** (विद्यावारिधि शोधार्थी), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
कीर्तिपुर

**लेखसार**

यो लेख शाहजहाँको इच्छा कवितामा लयविधान विषयक मूलसमस्याको समाधानमा केन्द्रित छ । गुणात्मक अनुसन्धान, पाठविश्लेषण ढाँचा र विश्लेषणात्मक विधिको प्रयोग हुने यस लेखमा लयविधान सैद्धान्तिक आधार हो । कवितामा एक मात्रादेखि अर्को मात्रासम्म पुग्दा लाग्ने अवधि लय हो भने यसको उत्पत्ति गति, यति, प्रवाह र विश्रामको नियमित र क्रमबद्ध सङ्घातबाट हुने गर्दछ । काव्यिक सङ्कथनमा ध्वनितत्त्वको व्यवस्थित संयोजनबाट निर्माण हुने साङ्गीतिक अन्तप्रवाह नै लयका रूपमा स्थापित हुन्छ भने छन्दोबद्ध कवितामा यसप्रकारको अन्तप्र्रवाह अनुच्छेद योजना र पङ्क्तिविन्यास, आवृत्ति/समानान्तरता, विचलन, लोप, लेख्यचिह्न तथा शब्दको वैपरीत्यमूलक प्रयोगजस्ता सूक्ष्म पक्षले सिर्जना गर्ने समध्वन्यात्मक उच्चार, ध्वनिसङ्गीत, लयात्मकता र तिनको अन्तर्सम्बन्ध अन्तर्साङ्गीतिकलालाई थप सशक्त तुल्याउने आधार बन्दछन् । प्रस्तुत कविता मात्रा छन्दमा संरचित सघन ध्वन्यात्मक साङ्गीतिकता प्रवाहित कविता हो । यस कवितामा रकारादि अन्तस्थ तथा स्पर्शी वर्णको प्रचूर आवृत्तिले काव्यिक लयप्रवाहमा ध्वन्यात्मक साङ्गीतिकता सिर्जना गर्दै कवितालाई माधुर्य गुणसम्पन्न तुल्याएको छ भने निनादपूर्ण सुललित कोमल पदावलीको संयोजनले काव्यिक भाव र लयबीच तादात्म्य सम्बन्ध स्थापित गरी सन्तुलित विश्राम र आवृत्तिलाई व्यवस्थित तुल्याउन प्रयोग गरिएका लेख्यचिह्न तथ वैपरीत्यमूलक शब्दविन्यास रहेको प्रस्तुत कविता उच्चतम ध्वनिसाङ्गीतिकताका कारण गीत्यात्मकतातर्फ अभिमुख कविता रहेको विषयमा विमर्श भएको छ ।

*शब्दकुञ्जी* : आवृत्ति–समानान्तरता, विचलन, लोप, लेख्यचिह्न, वैपरीत्यमूलक

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८०/१२/१२, लेख पुनरावलोकन मिति : २०८१/०१/१३, लेख स्वीकृत मिति : २०८१/०२/१४ **प्रकाशक** : महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर ।

## विषयप्रवेश

प्रस्तुत लेख "शाहजहाँको इच्छा" कवितामा लयविधान मूलसमस्यामा केन्द्रित रहेको छ । प्रस्तुत कविता लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित तथा २०१३ सालमा इन्द्रेणी पत्रिकामा प्रथमपटक प्रकाशित भएको रचना हो ।

पाठ्यक्रम परिपूर्ति प्रयोजनका लागि पटकपटक विभिन्न पुस्तकाकार कृतिमा प्रकाशित भईसकेको यो कविता २०३९ सालमा लक्ष्मी कवितासङ्ग्रहमा सङ्गृहीत भई पुस्तकाकार कृतिका रूपमा पुनप्र्रकाशित भएको कविता हो । नेपाली साहित्यमा कविता, नाटक, आख्यान र निबन्ध विधामा समान रूपमा कलम चलाउने क्षमता राख्ने देवकोटाको सिर्जनात्मक सिद्धि कविता विधा र यसका उपविधामा विशेष रहेको छ । स्रष्टाव्यक्तित्वका रूपमा देवकोटाका भिखारी (२०१०), जन्मोत्सव र मुटुका थोपा (२०१५), नवरस (२०३६), लक्ष्मी कवितासङ्ग्रह (२०३९), लक्ष्मी गीतसङ्ग्रह (२०४१) प्रमुख पुस्तकाकार कवितासङ्ग्रह प्रकाशित छन् । कविताको उपविधाका रूपमा दुईदर्जन बढी खण्डकाव्य र आधादर्जन महाकाव्यका स्रष्टा देवकोटाका निबन्धसङ्ग्रह, कथासङ्ग्रह र नाटकविधाका पुस्तकाकार र फुटकर कृतिहरू पनि प्रकाशित छन् ।

विशिष्ट कलात्मक भाषिक प्रयोजनसँग सम्बन्धित सृजनात्मक अभिवृत्तिको रागात्मक अभिव्यञ्जना हुने कवितालाई अन्य सिर्जनात्मक विधाबाट पृथक तुल्याउने तत्त्व लय हो । कवितामा लयको निर्माण कसरी भएको छ भन्ने बुनोटपक्षको अध्ययन गर्ने पद्धति वा प्रक्रिया लयविधान हो । काव्यिक सङ्कथन अन्य सिर्जनात्मक सङ्कथनबाट विभेदक लय र लयविधानको प्रक्रिया यसको स्थानिक तत्त्व हो । लयकै कारण कवितालाई पद्य तथा कविताइतरका विधा गद्य रहने विधासिद्धान्तले स्थापित गरेको मान्यताका कारण कविता, गीत, गजल आदि उपविधाका सन्दर्भमा यो निजी वा स्थानिक तत्त्व हो । लयकै आधारमा साहित्यका अन्य विधाका तुलनामा कविताविधामा साङ्गीतिकता, अन्तर्साङ्गीतिकता तथा श्रुतिमाधुर्यको मापन हुने भएकाले यो काव्यिक सङ्कथनको निर्मापक एकाइ पनि हो । कवितामा कलात्मकताका अतिरिक्त भावात्मक रागात्मक तुल्याउनुका अतिरिक्त गेयात्मक तुल्याउन लयको अनिवार्यता सिद्ध छ भने यो भावगत गहिराई निर्माण गर्ने शैलीतत्त्व पनि हो । कविताको अन्तर्वस्तुलाई विशिष्ट तुल्याई पाठकलाई हृदयसंवेद्य प्रभाव सिर्जना गर्न अपरिहार्य मानिने लयको निर्माण भाषिक ध्वनि, वर्ण शब्द तथा वाक्य आदिमा हुने गति, प्रवाह, यति, विरामको क्रमबद्ध सङ्घातबाट निर्माण हुन्छ भने उयर्पुक्त प्रक्रियाबाट निर्माण हुने साङ्गीतिक प्रवाह यसमा प्रभाव सिर्जना गर्ने माध्यम हो ।

नेपाली साहित्यमा कविताका माध्यमबाट विशेष योगदान दिने लक्ष्मीप्रसाद देवकोटाको “शाहजहाँको इच्छा” मात्रा छन्दमा संरचित सुकोमल पदावलीका साथै असमान पङ्क्तिविन्यास भएका अनुच्छेद योजना तथा समध्वन्यात्मक उच्चार भएका ध्वनि र वर्णको सन्तुलित र सम्यक आवृत्ति–समानान्तरता तथा शब्द र पदावलीको सम्यक र सन्तुलित लोपका अतिरिक्त आलङ्कारिकता निर्माण गर्न सार्थक वित.चलन भएको कविता रहेकाले यो लयविधानका दृष्टिले अध्ययनीय सामग्री हो । कविता वा काव्यिक सङ्कथनमा लय र लयविधानका विषयमा अध्ययन गर्न चाहने अध्येताका लागि पूरक सामग्रीको कार्य गर्ने यस लेखको प्राज्ञिक औचित्य रहेको छ । कवितामा लयविधानसम्बद्ध विषयलाई सूक्ष्मतहमा विवेचना गरी निष्कर्षमा पुग्ने यस लेखले “शाहजहाँको इच्छा” कवितामा लयनिर्मापक एकाइको समष्टिबाट कसरी काव्यिक सङ्कथनका लयविधान निश्ृतः हुन्छ भन्ने विषयगत गहनतालाई विश्लेषण गर्नसक्ने निष्कर्षमा पुगेको यस लेखको समस्या भन्नु नै निम्नलिखित शोध्यप्रश्नको समाधानमा केन्द्रित छ ।

क. कवितामा आवृत्ति–समानान्तरता केकस्तो छ ?

ख. कवितामा विचलन र लोप कसरी छ ?

ग. कवितामा लेख्यचिह्नको प्रयोग र वैपरीत्यमूलक शब्द प्रस्तुतिको प्रयोजन के हो ?

उपर्युक्त शोध्यप्रश्नका आधारमा कविताको लयविधानको विश्लेषण र अर्थापन नै यस लेखको प्रमुख उद्देश्य हो । काव्यिक रचनामा लयको सार्विक र सार्वभौम पक्षको निर्माण तथा साहित्यका अन्यविधाबाट कवितालाई अलग तुल्याउने विभेदक अभिलक्षण मानिने कविताको स्थानिक तत्त्व लय कसरी कृतिरचनाको आधार हुन्छ भन्ने विषयका पाठक र अध्येता लाभान्वित हुने यस लेखको प्राज्ञिक औचित्यको पनि पुष्टि हुन्छ ।

## शोधविधि

गुणात्मक अनुसन्धानविधि र पाठविश्लेषण ढाँचा अवलम्बन भएको यस लेखमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग भएको छ । यस लेखको प्राथमिक स्रोत "शाहजहाँको इच्छा" कविता हो भने द्वितीयक स्रोतअन्तर्गत लयव्यवस्थासम्बद्ध विभिन्न सैद्धान्तिक मान्यतासम्बद्ध पुस्तक, लेख आदि रहेका छन् । सामग्री सङ्कलन पश्चात् प्रस्तुत कवितालाई आधार सामग्रीका रूपमा लिई प्राप्त सामग्रीलाई विश्लेषणात्मक विधिको उपयोग भएको छ भने यसको सैद्धान्तिक आधार लयव्यवस्था रहेको छ ।

### सैद्धान्तिक आधार

लय साहित्यमा कविता र गीतिविधालाई अन्य विधाबाट अलग तुल्याउने स्थानिक तत्त्व हो । लयका माध्यमबाट कविताविधा अन्य विधाबाट अलग्गिन्छ भने यसैको अभिलक्षणका कारण कृति सुरुचिपूर्ण पद्यविधाका रूपमा पाठकका लागि प्रथम रोजाईको विधा बनेको छ । साहित्यिक सिर्जना र यसको दीर्घकालीन रचनाप्रक्रियामा लयलाई केन्द्रीय शैलीतत्त्वका रूपमा लिई सैद्धान्तिक आधार र अवधारणाको निर्माण भएको छ । नेपाली काव्यसिद्धान्त तथा त्यसमा कवितामा लयको भूमिका तथा यसको सैद्धान्तिक पक्षलाई संश्लेषण गर्दा मूलतः लयविधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कृतिका चरण/पाउ वा पङ्क्ति हरफको गतिक्रम र यतिविधानबाट आरम्भ भई सुरको आरोह–अवरोह एवम् सङ्कुचन र व्यापकीकरणको क्रमद्वारा अनुशासित तुल्याउने माध्यम हो (त्रिपाठी, २०४६, पृ. १८, गौतम, २०७६, पृ. ५७५, गौतम, २०६९, पृ. १०५, थापा, २०६६, पृ. ५१, एटम, २०७४, पृ. २०४) । कविता सिर्जना हुनका लागि पहिलो आधारमूत पक्ष अन्तर्वस्तु हो भने त्यसलाई सार्थक र सम्यक् स्वरूप दिने माध्यम लयविधान हो जसले अन्य साहित्यिक विधाबाट कवितालाई पृथक् तुल्याउँछ ।

काव्यिक सौन्दर्य र त्यसको सत्तालाई स्थापित तुल्याउनका लागि लयको सर्वोपरिता रहने विषयमा पाश्चात्य काव्यचिन्तनमा पनि विमर्श भएको छ । लय कविता रचनाको प्रमुख शिल्प रहेकाले यसको औचित्यपूण नियमित क्रम नै कविताको सौत्दर्यात्मक प्राप्ति रहने विषयमा अङ्ग्रेजी भाषामा भएका अध्ययनको साझा अवधारणा हो । कवितामा लयको उपदेयता तथा यसलाई अन्य साहित्यिक विधाबाट अलग गर्ने माध्यमका रूपमा लयको चर्चा पाश्चात्य काव्यसिद्धान्तमा पनि भएको छ । पाश्चात्य काव्यचिन्तनमा प्रस्तुत भएका लयसम्बन्धी अभिमतलाई संश्लेषण गर्दा काव्यिक सौन्दर्य निर्माणका लागि लयको अपरिहार्यता अनिवार्य सर्त हो भने यो पाठमा समान औच्चार्य वर्णहरूको पुनरावृत्ति, भाषिक व्यवस्थामा हुने विराम, आघात, अन्तराल, मौनताजस्ता व्यवस्थाबाट सिर्जना हुने गद्य र पद्यलाई परस्परमा भिन्न तुल्याउने विभेदक संरचक घटक हो (अब्राम्स, सन् २००७, पृ. १६०, कडन, सन् २०१३, पृ. ६११, चाइल्ड र फाउलर, सन् २००६, पृ. २०८, मुलर, १९५३, पृ.

२०५, बुटिन, सन् २००२, पृ. १७, बल्डिक, सन् २००५, पृ. २१८) । साहित्यसिद्धान्त र यसको सुदीर्घ परम्परामा कविता/काव्यको मूलभूत सौन्दर्य निर्माण गर्ने तत्त्वका रूपमा लयको सर्वोपरितालाई स्वीकार गरी यो नै कविताको प्रमुख शैली हो भन्ने तथ्यको प्रस्तुति भएको छ । लयसम्बन्धी पूर्वोक्त मान्यताका आधारमा विश्लेषणीय "शाहजहाँको इच्छा" कविताको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

## नतिजा र विमर्श

सिद्धान्ततः काव्यिक सङ्कथनमा लयसिर्जना गर्ने मूलभूत पक्ष कृतिरचनाका क्रममा अवलम्बन भएको अनुच्छेद–योजना र पङ्क्तिविन्यास, आवृत्ति–समानान्तरता, विचलन र लोप तथा लेख्यचिह्न र वैपरीत्य शब्दको प्रयोग हुन् । शाहजहाँको इच्छा कवितामा उपर्युक्त तत्त्वले लयनिर्माण खेलेको भूमिका तथा तिनको प्राप्तिको विश्लेषण अलगअलग उपशीर्षकमा तलका सन्दर्भमा भएको छ ।

## शाहजहाँको इच्छा कवितामा अनुच्छेद योजना र पङ्क्ति विन्यास

प्रस्तुत कविताको लयसंरचनागत अनुच्छेदयोजना र पङ्क्तिव्यवस्थालाई नियाल्दा 'क' देखि 'ब' सम्मका २४ खण्डमा संरचित बृहत्तर आयाम (खण्डकाव्य मान्न सकिने) भएको फुटकर कविता हो । यस कविताको पहिलो खण्ड १ अनुच्छेद र १३ पङ्क्तिमा संरचित रहेको छ जसको पहिलो पङ्क्तिमा ३, दोस्रोमा ४, तेस्रोमा २, चौथोमा ४, पाँचौंमा २, छैठौंमा ३, सातौंमा २, आठौंमा १, नवौंमा ४, दशौं मा ३, एघारौंमा ५, बाह्रौंमा ३, र तेह्रौं पङ्क्ति ३ शब्दमा संरचित रहेका छन् । यसरी एक शब्ददेखि पाँच शब्दसम्म वितरित शब्द संयोजनबाट निर्मित यस अनुच्छेदमा असमान शाब्दिक वितरण रहेको छ । कविताको दोस्रो खण्ड एक अनुच्छेद र ९ पङ्क्तिमा बिस्तारित रहेको छ । यी ९ पङ्क्तिहरू क्रमशः पहिलो ३, दोस्रो ३, तेस्रो २, चौथो ३, पाँचौं २, छैठौं ४, सातौं ३, आठौं ४ र नवौं पङ्क्ति १ शब्दमा संरचित रहेका छन् । असमान शाब्दिक वितरण रहेको यस अनुच्छेदका पङ्क्तिहरू एक शब्ददेखि चार शब्दसम्म विस्तारित रहेका छन् । यस अनुच्छेदलाई असमान शब्द वितरणले काव्यिक लयनिर्माणमा कुनै प्रभाव पारेको देखिंदैन । कविताको खण्ड ग एक अनुच्छेद र ७ पङ्क्तिमा संरचित रहेको छ । जसको पहिलो पङ्क्तिमा ४, दोस्रो २, तेस्रो ४, चौथो ३, पाँचौं २, छैठौं ४ र सातौं पङ्क्ति २ शब्दमा वितरित भई संरचित रहेका छन् ।

कविताको चौथो खण्ड एक अनुच्छेद र ११ पङ्क्तिमा संरचित रहेको छ । एक शब्ददेखि पाँच शब्दसम्म विस्तारित असमान शाब्दी संरचना रहेको यस अनुच्छेदको पहिलो पङ्क्तिमा ४, दोस्रो २, तेस्रो ३, चौथो ४, पाँचौं ४, छैठौं ५, सातौं ५, आठौं ४, नवौं १, दशौं २ र एघारौं पङ्क्ति ५ शब्दमा संरचित रहेका छन् । यस अनुच्छेदमा निरूद्देश्य र अकारण पङ्क्ति टुक्र्याई शब्दविन्यास गरेको नभई स्वतस्फूर्त विन्यस्त भएका शब्दले लयात्मकता सिर्जना गर्न थप सहयोग पुऱ्याएको छ । कविताको पाँचौं खण्ड १४ पङ्क्तिमा संरचित रहेको छ । जसको पहिलो पङ्क्तिमा ५, दोस्रो ४, तेस्रो ५, चौथो ४, पाँचौं ४, छैठौं ३, सातौं ५, आठौं ४, नवौं ५, दशौं ३, एघारौं ४, बाह्रौं ६, तेह्रौं ५ र चौधौं पङ्क्ति ४ शब्दमा विभाजित रहेका छन् । असमान शाब्दीयोजना रहेको यस अनुच्छेदमा अनियमित शब्द संयोजनले लयात्मकता सिर्जना गर्न अवरोध नगरी पृष्ठपोषण गरेको छ ।

आठ पङ्क्तिमा विभाजित छैठौं अनुच्छेदका पहिलो, चौथो पाँचैं र आठौं ४, दोस्रो, तेस्रो र सातौं ३ तथा छैठौं पङ्क्ति २ शब्दमा संरचित रहेका छन् । असमान शब्दविधानयुक्त १० पङ्क्तिमा संरचित सातौं अनुच्छेदका पहिलो पङ्क्ति ५, तेस्रो, सातौं र नवौं ४ तथा दोस्रो, चौथो, पाँचौं, छैठौं, आठौं र दशौं पङ्क्ति ३ शब्दमा संरचित रहेका छन् । १२ पङ्क्तिमा संरचित आठौं अनुच्छेदका पङ्क्तिहरू चौथो ५, पहिलो, दोस्रो, तेस्रो, छैठौं, आठौं, दशौं, एघारौं ४ तथा तेस्रो, सातौं, नवौं र बाह्रौं पङ्क्तिमा ३ शब्द रहेका छन् । कविताको नवौं अनुच्छेद ९ पङ्क्तिमा संरचित छ जसका छैठौं ६, पहिलो, दोस्रो र आठौं ५, तेस्रो, पाँचौं, सातौं र नवौं ४ तथा तेस्रो पङ्क्ति ३ शब्दमा संरचित रहेका छन् । आठ पङ्क्तिमा बिस्तारित दशौं अनुच्छेदका आठौं पङ्क्ति ६, तेस्रो ५, पहिलो, दोस्रो, चौथो, छैठौं र सातौं ४ तथा पाचौं पङ्क्ति ३ शब्दमा संरचित छन् । सात पङ्क्तिमा संरचित एघारौं अनुच्छेदका पहिलो ५, तेस्रो र पाचौं ४, दोस्रो, चौथो र सातौं ३ तथा छैठौं २ शब्दमा वितरित रहेका छन् । कविताको बाह्रौं अनुच्छेदका एघार पङ्क्ति क्रमशः पहिलो र चौथो ५, तेस्रो, सातौं, आठौं, नवौं र एघारौं ४ तथा दोस्रो र दशौं पङ्क्तिमा ३ शब्द रहेका छन् ।

कविताको तेह्रौं अनुच्छेद १० पङ्क्तिमा संरचित रहेको छ जसको पहिलो, तेस्रो र सातौं ४, चौथो, छैठौं, आठौं, र नवौं ३, दोस्रो २ तथा पाचौं र दशौं पङ्क्ति एक शब्दमा संरचित छन् । एघार पङ्क्तिमा संरचित चौधौं अनुच्छेदका पाचौं, छैठौं, सातौं, आठौं र दशौं र एघारौं ४, पहिलो, दोस्रो, तेस्रो र चौथो ३ तथा नवौं पङ्क्ति २ शब्दमा संरचित रहेका छन् । उन्नाईस पङ्क्तिमा संरचित पन्ध्रौं अनुच्छेदका दोस्रो, तेस्रो चौथो पाचौं, सातौं आठौं, दशौं बाह्रौं, पन्ध्रौं। सोह्रौं र सत्रौं ४, पहिलो, नवौं र चौधौं ३, छैठौं, अठारौं र उन्नाईसौं २ तथा एघारौं र तेह्रौं पङ्क्ति १ शब्दमा संरचित रहेका छन् । आठ पङ्क्तिमा संरचित सोह्रौं अनुच्छेदका पाचौं ५, पहिलो, दोस्रो र सातौं ४, तेस्रो, चौथो र आठौं ३ तथा छैठौं पङ्क्ति २ शब्दमा संरचित रहेका छन् । सत्रौं ५, पहिलो, दोस्रो, तेस्रो, पाचौं र आठौं ४, चौथो र छैठौं पङ्क्तिमा ३ शब्दको असमान वितरणबाट सत्रौं अनुच्छेद संरचित रहेको छ । कविताको अठारौं अनुच्छेद ५ पङ्क्तिमा संरचित रहेको छ । जसमा तेस्रो, चौथो र पाचौं ४ तथा पहिलो र दोस्रो ३ पङ्क्तिमा विस्तारित रहेका छन् ।

नौ पङ्क्ति रहेको उन्नाईसौं अनुच्छेदको तेस्रो पङ्क्ति ५, पहिलो, दोस्रो र आठौं ४, चौथो र पाचौं ३ तथा छैठौं सातौं र नवौं पङ्क्ति २ शब्दमा संरचित रहेका छन् । पन्ध्र पङ्क्तिमा संरचित बीसौं अनुच्छेदका दोस्रो, चौथो, सातौं र तेह्रौं ५, सातौं, आठौं, नवौं, दशौं र एघारौं ४, पाचौं र चौधौं ३, छैठौं, बाह्रौं र पन्ध्रौं २ तथा तेस्रो पङ्क्तिमा १ शब्द रहका छन् । कविताको एक्काईसौं ८ अनुच्छेद क्रमशः तेस्रो र चौथो ६, पहिलो ५, छैठौं ४, पाचौं र आठौं ३ तथा दोस्रो र सातौं २ पङ्क्तिमा संरचित रहेका छन् । बाईसौं अनुच्छेदका २२ पङ्क्ति क्रमशः पहिलो, तेस्रो, पन्ध्रौं र बीसौं ५, छैठौं, आठौं, तेह्रौं, चौधौं र उन्नाईसौं ४, चौथो, नवौं, दशौं , बाह्रौं, अठारौं, र एक्काईसौं ३, पाचौं, सातौं, एघारौं, सोह्रौं, सत्रौं र बाईसौं २ तथा दोस्रो पङ्क्ति १ शब्दमा संरचित रहेका छन् । अठार पङ्क्तिमा संरचित अन्तिम अनुच्छेदको पहिलो, छैठौं, सातौं, दशौं , एघारौं,बाह्रौं, तेह्रौं र चौधौं ४ तथा दोस्रो, तेस्रो, चौथो, पाचौं, आठौं, नवौं, पन्ध्रौं, सोह्रौं, सत्रौं र अठारौं ३ शब्दमा वितरित रहेका छन् । उपर्युक्त तथ्यका आधारमा यस कवितामा शब्दगत र पङ्क्तिगत वितरण असमान, अनियमित र विविधतापूर्ण रहेको देखिन्छ । यो शास्त्रीय नियमको वर्णगत समानता र अनुप्रासमा आबद्ध नभई स्वतन्त्र तहबाट लयको संयोजन गरिएको मुक्तलयात्मक काव्यिक संरचना मान्न सकिन्छ । कविले कविताको सिर्जना गर्दा अकारण र निरूद्देश्य वाक्यहरूलाई खण्डित गरी पङ्क्तिहरूको अनियमित विन्यास गरिएको नभई यस विन्यासले काव्यिक भाव प्रवाहलाई निर्देशित गर्न तथा कवितामा विद्यमान लयात्मकतालाई पृष्ठपोषण गर्न सहयोगी सिद्ध बनेको छ । यस कविताको लेखाइमा अनियमितता भए पनि

काव्यिक वाचनका सन्दर्भमा लय सङ्कुचन र लयविस्तारका कारण समान रूपमा सुनिन्छ । कविनिबद्ध वक्ता म अर्थात् समाख्याताको मानसिकतामा रहेको मिलनपछिको वियोगबाट आक्रान्त बनेको सोचले शान्त, स्निग्ध मनमोहक वातावरण तथा निनादपूर्ण कलकल कलरव ध्वनि सिर्जना गर्दै बहने शितलवाहिनी यमुना नदी आच्छादित पर्यावरणलाई वियोगको वेदनाले प्रताडित बनी रोइरहेको भावाभिव्यञ्जनाभित्र प्रेमिकाको आत्मिक शान्ति र सम्पूर्ण प्रेमी हृदयका लागि युगौंयुगसम्म प्रेमप्रतीकका रूपमा जीवन्त रहने स्मारक निर्माण गरी समर्पण गर्ने अभिलाषा र त्यसको परिपूरणको आकाङ्क्षा प्रस्तुत भएको छ । यस कविताका प्रत्येक अनुच्छेद एकअर्कामा परिपूरक भई भावगत सहजता र लयगत साङ्गीतिकता सिर्जना गर्न सक्षम छन् भने यस कविताको लयविधान र लयनिर्धारणका कारक आवृत्ति–समानान्तरता, विचलन र लोप तथा लेख्यचिह्न र शब्दको वैपरीत्यमूलक प्रयोगका आधारमा अलग्गै विवेचना गर्नु उपयुक्त ठहर्दछ ।

**शाहजहाँको इच्छा कवितामा आवृत्ति–समानान्तरता**

आवृत्ति वा समानान्तरता लयविधानको महत्त्वपूर्ण आधार हो । काव्यिक सङ्कथनमा दोहोरिएर आउने समान वर्ण, समान शब्द, पदावली, वाक्यांश, वाक्य र अनुच्छेद प्रयोग हुनु वा आउनु आवृत्ति हो । समानान्तरता भनेको पङ्क्ति वा पङ्क्तिहरूमा नियमको बढी पालना हो (शर्मा, २०४८, पृ. १७५) । कवितामा गेयता साङ्गीतिक प्रयोजनभन्दा पृथक् भाषिक एकाइका समानान्तरताबाट हुने भएकाले कृतिमा आएका ध्वनिको समानान्तरता सम्बन्धनै अन्तर्सङ्गीत निर्माण हुने आधार हो । आवृत्तिले काव्यिक सङ्कथनमा आद्यानुप्रास, मद्यानुप्रास र अन्त्यानुप्रासको भूमिका निर्वाह गर्नुका साथै कवितामा वर्ण, शब्द/पद, पदावली र वाक्य जस्ता भाषिक एकाइको आवृत्तिबाट विशेष प्रकारको ध्वनिसङ्गीत र लयात्मकताको निर्माण हुन्छ । यसप्रकार निर्मित ध्वनिसङ्गीत र लयात्मकताले आन्तरिक र बाह्य समानान्तरताको स्थापना तथा आनुप्रासीयतामा बृद्धि भई लयात्मकता र अन्तर्साङ्गीतिकता निर्माण भएको हुन्छ । प्रस्तुत कवितामा लघुत्तम भाषिक एकाइ ध्वनि/वर्णका तहबाट हेर्दा स्वर वर्णमा /अ/ सबैभन्दा बढी ४२ पटक आवृत्ति भएको छ । यसैगरी /आ/ र /उ/ समान २९ पटक तथा /ए/ २१ पटक, /इ/ २० पटक, /ई/ १९ पटक,/ऊ/ ६ पटक, /ओ/४ पटक आवृत्ति भएका छन् । व्यञ्जन वर्णमा /र/ २१८ पटक, /क/ १९९ पटक, /न/ १९२ पटक, /म/ १७६ पटक, /ल/ १६३ पटक, /त/ १२६ पटक, /स/ ११६ पटक, /य/ १०२ पटक, /द/ ९९ पटक, /ह/ ९१ पटक, /ज/ ८० पटक, /प/ ७६ पटक, /व/ ७६ पटक, /ग/ ७२ पटक, /छ/ ६८ पटक, /ब/ ५६ पटक, /भ/ ४४ पटक, /श/ ३८ पटक, /च/ ३२ पटक, /ट/ ३१ पटक, /ख/ र /थ/ २० पटक, /ध/ १९ पटक, /ण/ १८ पटक, /झ/ र /ड/ १२ पटक, /ष/ १० पटक, /घ/ ९ पटक, /फ/ ८ पटक, /ढ/ ७ पटक, /ठ/ ६ पटक, /क्ष/ र /त्र/ ३ पटक, संयुक्त वर्ण /प्र/ ८ पटक, /क्र/ ७ पटक, /द्व/ र /मृ/ ६ पटक, /ङ्ग/ , /तृ/ ३, र /म्र/ ३ पटक, /स्र/, /सृ/, /त्त/, /द्र/, /ङ्क/ र /ह्/२ पटक आवृत्त भएका छन् । शब्दका तहमा हेर्दा यस कव्यिक सङ्कथनभित्र सबैभन्दा बढी /यो/ १३ पटक, /ती/, /प्यार/ र /होस्/ ८ पटक, /हो/ ७ पटक, /जलमा/, र /छ/ ६ पटक, /एक/ र /रे/ ५ पटक, /क्रन्दन/, /म/, /जमुना/, /दिल/, /बुलबुल/, /दाना/, /यी/, /आत्मा/ ४ पटक, /वन/, /क्षण/, /ए/, /के/, /शबनम/, /यस/, /सपना/, /रून्छ/, र /मोती/ ३ पटक तथा /यौवन/, /मुरली/, /खोजी/, /स्वर्गभरी/, /भूलहरूमा/, /शूलहरूमा/, /आफ्ना/, /छोडे/, /अनन्त/, /चढाउँ/, /अमर/, /मिली/, /जगतिर/, /भन्ने/, /भस्म/, /त्यो/, /बोई/, /काल/, /छिना/, /चिर/, /मरमर/, /मागूँ/, /गुम्मज/, /शयनागार/, /किनारा/, /सुन्दर/, /सलिल/, /इश्क/, /मिलन/, /विन्दु/, /धर्म्म/, /स्पन्दन/, /पाषाण/, /निशिदिन/, /जो/, /त्यो/, /स्मारक/, /राति/, /रून्छन्/, /महावन/ र /दिलको/ जस्ता शब्द २

पटक आवृत्ति भएका छन् भने /ती सब दाना/, /इश्क् मिलन/ र /जलमा क्रन्दन/ पदावली २ पटक आवृत्ति भई काव्यिक लयनिर्माणमा अहम् भूमिका खेलेका छन् ।

असमान शब्द संयोजनका बाबजूद् कविताका प्रत्येक अनुच्छेदभित्र प्रवाहित हुने तीव्र लयात्मकता, ध्वन्यात्मकता र अन्तर्साङ्गीतिकता सबल रूपमा प्रकटिएको छ । यसरी वितरित शब्दमा कविताको पहिलो पङ्क्तिको सुरूमा उद्धृत यमुनाजलमा र जलमाको जलमा, यो र यौवनको समान य, दिवा र वियोगको समान इकार, यो र यादको समान य वर्णले अद्यानुप्रासलाई सशक्त तुल्याएको छ भने बुलबुल, कलकल शब्दको समध्वन्यात्मक आवृत्ति, वन, यौवन, वृन्दावन जस्ता शब्दको वन, निशाको, मिलनको, रोइरहेको, रूँदाको शब्दको अन्त्यमा आएको को वर्णको आवृत्तिले मद्यानुप्रास तथा कलकल, पिलपिल, इतिहास, बास, बतास, जस्ता शब्दमा आएका समध्वन्यात्मक पदको आवृत्तिले अन्त्यानुप्रासलाई गत्यात्मक तुल्याउँदै काव्यिक लयलाई उत्कर्षता साथै ध्वन्यात्मक लय र निनादपूर्ण साङ्गीतिकता सिर्जना गर्न अहम् भूमिका खेलेका छन् । दोस्रो अनुच्छेदका विभिन्न पङ्क्तिमा आएका पछाडि र खोजीमा आएको समान इकार, क्रन्दन शब्दको आवृत्ति, चिहान, सरी, क्रन्दनसरी, स्वर्गभरी जस्ता शब्दमा आएको समध्वन्यात्मक उच्चार र आवृत्ति अन्त्यानुप्रासलाई सशक्तता थपी काव्यिक लयात्मकता र अन्तर्साङ्गीतिकतालाई उचाइ प्रदान गरेका छन् ।

असमान शाब्दी वितरण रहेको तेस्रो अनुच्छेदमा आएका आफ्ना, भूलहरूमा शूलहरूमा शब्दको आवृत्ति र समध्वन्यात्मक उच्चारले अद्यानुप्रास तथा यहाँ, फूलहरूमा, परिवर्तनका, नियमरूपका, भूलहरूमा, शूलहरूमा शब्दमा पाइने समध्वन्यात्मक स्वर तथा व्यञ्जनवर्णको आवृत्तिले काव्यिक लयमा उत्कर्ष एवम् सघन ध्वन्यात्मक साङ्गीतिकता सिर्जना गरेका छन् । चौथो अनुच्छेदमा भने पङ्क्तिका अन्त्यमा आएका माथि, सुन्दरता, कोमलता, छोडे, राती, साथी, भरी पारी र विचरी जस्ता शब्दमा आवृत्ति भएका समध्वन्यात्मक उच्चारले काव्यिक लयलाई ध्वन्यात्मक लय तथा तीव्र साङ्गीतिकता सिर्जना गरेका छन् । अन्त्यानुप्रासलाई विशेष ख्याल गरी रचना गरिएको यस पाँचौं अनुच्छेदमा वनका, तिनको, जनको, सुमनको जस्ता शब्दमा आउने समध्वन्यात्मक उच्चारले लयात्मकता सिर्जन सहयोग गरेको देखिन्छ । असमान शाब्दिक वितरण रहेको छैठौं अनुच्छेदमा जीवन, उपवन, जनगणमा, कणमा, वर्षणमा क्षणक्षण कणकणमा शब्दमा आएका समविषम वार्णिक आवृत्तिले काव्यिक लय निर्माणमा मद्दत पुऱ्याएका छन् । सातौं अनुच्छेदका पङ्क्तिमा पूर्वपर अनुच्छेद झैं अनन्तताको, अपनाएथें, अन्धो जस्ता शब्दको आरम्भमा आएको अ ले अद्यानुप्रास, जो, यो शब्दको समान ओ ले मद्यानुप्रास तथा रोई, कोही, खोई, खोजी, रोजी शब्दमा आएको समध्वन्यात्मक ई को उच्चारबाट सृजित अन्त्यानुप्रासीयताबाट काव्यिक लयलाई गीत्यात्मकतातर्फ अभिमुख गरेको छ ।

कविताको आठौं अनुच्छेदमा कवितामा भन्दाको शाब्दिक आवृत्तिले मद्यानुप्रास तथा भन्ठाने, जाने शब्दको ने सकिन, पुगेन, रहिन शब्दमा निहित नको समध्वन्यात्मक उच्चार र आवृत्तिले लयात्मकतालाई प्रभावकारी तुल्याएको छ । यस नवौं अनुच्छेदमा आएका यस, उसको स वार्णिक आवृत्तिले अद्यानुप्रास, तटमा छु, छौ, अब, सब शब्दका छ ब वर्णले मद्यानुप्रास तथा मुमताज, ताज, संसार, धार जस्ता समध्वन्यात्मक ताज, र वर्णको उच्चारको आवृत्तिले अन्त्यानुप्राससहित उच्चकोटिको लयात्मकता सिर्जना गरेको पाइन्छ । दशौं अनुच्छेदमा आवृत्त भएका अनन्त, चढाऊँ, दिलताज, आज, उपहार, सुकुमार आदि शब्दको आवृत्तिगत उच्चारले लयात्मक साङ्गीतिकता सिर्जना गरेका छन् । एघारौं अनुच्छेदमा आएका धुलिन्छन्, भुलिन्छन्, उपहार गुँजार, पुकार, संसार आदि शब्दमा देखिने छन्, र वर्णको समध्वन्यात्मक उच्चारले गीत्यात्मक लयात्मकता प्रदान गरेको देखिन्छ भने बाह्रौं अनुच्छेदमा मिली सुत्यौं, मिली उठ्यौं शब्दको आवृत्तिले अद्यानुप्रास, गुड्दछन्, उड्दछन्,

भन्ने, भन्ने, जनाउन, सुनाउन, शयनागार, किनार जस्ता शब्दमा प्रयुक्त छन्, ने, उन, र जस्ता वर्णको समध्वन्यात्मक उच्चारले कवितालाई गीत्यात्मक अन्त्यानुप्रासको सुन्दर संयोजन तथा लयात्मक अन्तर्साङ्गीतिकतालाई उचाइ प्रदान गरेका छन् ।

कविताको तेह्रौं अनुच्छेदमा पङ्क्तिका अन्त्यमा आएका बनाई, तिनलाई, निरन्तर, निशिभर शब्दका आई, अर समध्वन्यात्मक उच्चार तथा चौधौं अनुच्छेदमा रोई, बोई, धोई, फिँजाउँछु, उठाउँछु आदि शब्दमा देखिने ओई, उँछु समध्वन्यात्मक उच्चारले उच्च काव्यिक लय तथा साङ्गीतिक तीब्रता प्रदान गरेका छन् । पन्ध्रौं अनुच्छेदमा प्रयुक्त मरमर, सुन्दर, तिनभर, दिलभर, साकार, आगार, घर, गुन्जर, र किनार जस्ता शब्दको समान अरले उच्चकोटिको अन्त्यानुप्रास एवम् सोह्रौं अनुच्छेदको जिन्दगी र जिल्दको समान जि ले अद्यानुप्रास, होस् इतिहास, ताज, खास शब्दमा देखिने निनादपूर्ण समध्वन्यात्मक आवृत्तिले काव्यिक लयलाई गीत्यात्मकतायुक्त तीब्र साङ्गीतिकता प्रदान गरेका छन् । सत्रौं अनुच्छेदमा रूप र रूदित शब्दको समान रू को आवृत्तिले अद्यानुप्रास, रूलाऊँ, बजाऊँ, दिलको, दिलको, बुलबुलको, पुनीत, गीत जस्ता शब्दमा आएका आऊँ, को, ईत आदि निनादपूर्ण समध्वन्यात्मक उच्चारयुक्त आवृत्तिले अन्त्यानुप्रास तथा अठारौं अनुच्छेदका पङ्क्तिमा वितरित उपलको, दिलको शब्दको को समध्वन्यात्मक उच्चारले मद्यानुप्रास तथा बुलबुल, खलबल शब्दको समान औच्चर्य आवृत्तिले अन्त्यानुप्रासीयतासँगै काव्यिक लयलाई सघन गीतिध्वन्यात्मकतातर्फ अभिमुख गराएका छन् । उन्नाईसौं अनुच्छेदका पङ्क्तिमा आएका मोती, प्यार, उपहार जस्ता शब्दमा अन्तर्निहित समध्वन्यात्मकतामा मद्यानुप्रास तथा मागूँ, डाकूँ, मागूँ आदि सम/विषम ध्वन्यात्मक आवृत्तिले लयलाई गीत्यात्मक साङ्गीतिकतातर्फ अभिमुख गरेको प्रष्ट देखिन्छ ।

कविताको बीसौं अनुच्छेदमा उल्लिखित यी को आवृत्तिले अद्यानुप्रास, शिल्पकला, कलिला, शिला, भला, अगम, शबनम, शब्दमा देखिने समध्वन्यात्मक आवृत्तिले काव्यिक पङ्क्तिमा अन्त्यानुप्रास तथा भने गुम्मज, शबनम शब्दको आवृत्तिले गीतयात्मक श्रुतिमधुरता सिर्जनुका साथै एक्काईसौं अनुच्छेदका पङ्क्तिमा आएका दिलका पलका, शयनागार, किनार, जलाधार शब्दको निनादपूर्ण समध्वन्यात्मक उच्चारले गीति साङ्गीतिकताका साथै सपनून् शब्दको निर्माण र प्रयोगले लयात्मक उत्कर्ष सिर्जना गरेको छ । बाईसौं अनुच्छेदका पङ्क्तिमा प्रयुक्त सुन्दरतम, सुन्दरको, सुन्दरको, शेष, सलिल, सब आशा, आत्मा जस्ता पङ्क्तिको आरम्भमा पाइने समध्वन्यात्मक उच्चारले अद्यानुप्रास, धर्म्म हो, मिलन हो शब्दको समध्वन्यात्मकताले मद्यानुप्रास तथा महान, सुन्दरतम, शबनम, मिलन, भजन, पूजन, हो, नट, घट, सुन्दछ, चिनाउँछ, इशारा, किनारा, माला, आहट, बोलावट, ईश्वर, प्यार जस्ता पङ्क्तिपङ्क्तिमा पाइने निनादपूर्ण समध्वन्यात्मक अनुप्रासीयता तथा आशा–इसारा आत्मा–आत्मा सलिल–किनारा इश्व्र–मिलन विन्द–विन्दु हाम्रा–आत्मा धर्म्म जस्ता शब्दको स्वस्फूर्त आवृत्तिले ध्वन्यात्मक साङ्गीतिकता तथा बेजोड गीत्यात्मक लयात्मकता स्थापित गरेको छ । तेईसौं अनुच्छेदका पङ्क्तिको मध्य र अन्त्यमा आएका यो, स्मारक, प्रचारक, दारक, विचारक, पत्थर, जगभर, चिर, निरन्तर तथा होस्, माथि, जाति, साथी, अङ्क, कलङ्क, वन्दन, स्पन्दन, निशिदिन शब्दमा देखिने निनादपूर्ण समध्वन्यात्मक उच्चारले मद्यानुप्रास र अन्त्यानुप्रासको सुन्दर संयोजन गरी गीत्यात्मक काव्यिक अभिव्यक्तिको निनादपूर्ण समध्वन्यात्मक आवृत्तिले काव्यिक लयमा गीत्यात्मकता तथा तीब्र साङ्गीतिकता सिर्जना गर्दै कविताको समापन भएको छ ।

**शाहजहाँको इच्छा कवितामा विचलन र लोप**

प्रस्तुत कवितामा प्रचलित मानक भाषिक विधानको अतिक्रमण तथा अध्याहारबाट भावग्रहण गर्ने प्रयोजनका लागि भएको विचलन र लोपव्यवस्थालाई निम्नलिखित तालिकाका माध्यमबाट प्रस्तुत गरी अलगअलग उपशीर्षकमा विवेचना गर्नु उपयुक्त हुन्छ ।

| **अनुच्छेद/पङ्क्ति** | **विचलन र मानक भाषाको रूप** | **लोप** |
|---|---|---|
| | **अनुच्छेद १** | |
| यमुनाजलमा बज्दछ मुरली ! | यमुना जलमा मुरली बज्दछ । बुलबुल जलमा पिलपिल कलकल रून्छन् । यो छायाछवियुत यौवन वनको तटमा छ । दिवानिशाको छापाअङ्कित वृन्दावन वियोगमिलनको क्रीडाभूमि हो । यो रोइरहेको इतिहास याद रूँदाको बास हो । यस स्थलमा एक अगोचर मुरलीमा प्रेमी प्राणहरूको बतास चल्दछ रे । | हो |
| जलमा बुलबुल रून्छन् पिलपिल ! | | यमुनाको |
| रून्छन् कलकल ! | | जलप्रवाह |
| यो तटको वन छायाछवियुत | | |
| यौवन, यौवन ! | | हो |
| दिवानिशाको छापा अङ्कित, | | जहाँ, छ |
| वियोगमिलनको क्रीडाभूमि, | | |
| वृन्दावन । | | हो |
| यो मिलनको रोइरहेको इतिहास ! | | हो |
| याद रूँदाको बास ! | | |
| पिरली चल्दछ एक अगोचर मुरलीमा | | लिएर |
| यस स्थलमा रे | | |
| प्रेमी प्राणहरूको बतास ! | | चल्दछ |
| | **अनुच्छेद २** | |
| सरिताको छ सागर रोदन ! | एक सुनौली सन्ध्यापछाडि खोजीखोजी सरिताको सागर रोदन छ जलमा क्रन्दन पौडीरहेछन् । यो अबोला निशा चिहानसरी छ । कब्र उपरका क्रन्दनसरी आँसु स्वर्गभरी विन्दिए रे । | यो, जस्तो] |
| एक सुनौली सन्ध्यापछाडि; | | |
| खोजी, खोजी | | |
| पौडिरहेछन् जलमा क्रन्दन; | | यमुना |
| जलमा क्रन्दन | | यमुना, छ |
| अबोला निशा छ चिहानसरी यो; | | |
| कब्र उपरका क्रन्दनसरी, | | ती |
| आँसु बिन्दिए स्वर्गभरी रे, | | |
| स्वर्गभरी | | आँसु बिन्दिए |
| | **अनुच्छेद ३** | |
| विश्वको अधिपति रून्छ यहाँ, | यहाँ विश्वको अधिपति आफ्ना फूलहरूमा रून्छ । विश्वको अधिपति आफ्ना मृत्यु र परिवर्तनका आदिम स्वनिर्मित भूलहरूमा रून्छ । शूलहरूमा आफ्नो छाती आफैं घोची रून्छ । | यो |
| आफ्ना फूलहरूमा | | सिर्जनाका |
| आफ्ना मृत्यु र परिर्वनका | | कारण |
| अदिम, स्वनिर्मित नियमरूपका | | |
| भूलहरूमा भूलहरूमा | | आफ्नै |
| आफैं घोची आफ्नो छाती | | |
| शूलहरूमा शूलहरूमा | | स्वनिर्मित |
| | **अनुच्छेद ४** | |
| तिनी सुतिन् यो लहरीमाथि, | तिनी यो लहरीमाथि सुन्दरतासँग सुतिन् । जागृति, शिथिला कोमलता साथ बोल्ने मुगाहरू बाल्नै छाडे । गुड्ने मोती वर्षन छाडे । | - |
| सुन्दरता ! | | साथ |
| जागृति शिथिला कोमलता | | ती, बनिन् |
| बोल्थे मुगाहरू, बोल्नै छोडे ! | | तिनीसँग |

| | | |
|---|---|---|
| मोती गुड्दथे, वर्षन छोडे ! | जलभर दृग लिएर राती जागा छु। नित ती साथी मस्त निदाइन्। ओहो ! क्या अकेलापन रून्छ जब आकाशभरी चकमन्न पारी भूविचरी कफन ओढ्छिन्। | तिनीसामु |
| जलभर दृग छु, जागा राती ! | | म |
| मस्त निदाइन् नित ती साथी ! | | मेरी |
| ओह ! अकेलापन क्या रून्छ | | यहाँ |
| आकाशभरी ! | | सारा |
| चकमन्न पारी ! | | - |
| ओड्छिन् कफन जब भू बिचरी ! | | ती |
| **अनुच्छेद ५** | | |
| पुरूषको अतिपरूष छ माग के | पुरूषको अतिपरूष के माग छ ? अति कोमलमा जगवनका जो शान्ति लिनाकन थकित भए। तिनी जगत्का वनका पार थकाइ लागेर निदाइन्। हा ! तिनको के दोष तर वियोगी जनको मन सदा फर्क भनीकन रून्छ। कसरी आउन् क्रूर माग हो। सुमनको पाउ नलागोस्। अनन्त शान्ति जाति हो तर म पुकारी दुःख दिँदो छु। अझ रात जस्तो दिनको पनि मेरो आज राति छ। | यहाँ |
| अति कोमलमा जग–वनका ? | | - |
| थकित भए जो शान्ति लिनाकन | | ती |
| पार जगत्का वनका ? | | उस |
| लाग्यो र थकाइ, तिनी निदाइन्। | | र |
| दोष के तिनको ? | | यहाँ |
| ‘‘फर्क’’ भनीकन रून्छ सदा मन | | यो |
| तर हा ! वियोगी जनको ! | | यी |
| क्रूर माग हो कसरी आउन् ! | | यो |
| नलागोस् पाउ सुमनको ? | | तिनलाई |
| अनन्त शान्ति नै हो जाती ! | | नै |
| दुःख दिँदो छु तर म पुकारी ! | | तिनलाई |
| रात जस्तो दिन पनि अझ | | मेरो |
| आज छ मेरो राति ! | | - |
| **अनुच्छेद ६** | | |
| सुकुमारीको कुन चिर जीवन ? | उपवनमा वा जनगणमा सुकुमारीको चिर जीवन छ। शिखरज्योतिझैं सुनधूली चढिरहेकी ती क्षणमा झप्प निभिन्। असङ्ख्य ताराहरूको वर्षणमा एक चखेवा रून्छ। क्षणक्षण आँखा जस्तो नीलो गगनमा कणकणमा गनेर बस्छ। | हो |
| उपवनमा वा जनगणमा ? | | होस्, होस् |
| शिखरज्योतिझैं सुनधूलीमा चढिरहेकी | | - |
| झप्प निभिन् ती, क्षणमा ! | | - |
| एक चखेवा रून्छ असङ्ख्य | | एक |
| ताराहरूको वर्षणमा ! | | ती |
| आँखाजस्तो नीलो गगनमा | | यो |
| गनेर क्षण, क्षण, कणकणमा ! | | प्रत्येक, प्रत्येक |
| **अनुच्छेद ७** | | |
| हात उठाई फैलाईकन, रोई रूहले | कोही हात उठाई, फैलाईका रोई रूहले सोध्छ। ए ! सन्नाटाको घोर महावनमा खोइ ती कहाँ लुकेकी छिन् ? | यी |
| सोद्ध छ कोही | | केही |
| ‘‘ए सन्नटाको घोर महावन | | - |
| ती लुकेकी खोइ ?’’ | | - |
| **अनुच्छेद ८** | | |
| अनन्तताको सघन महावन | अनन्तताको सघन महावन खोजी प्यास चहार्दछ। जो रोजी अपनाएथैं त्यो जीवनज्योतिको ज्वाला कहाँ गयो ? यो अन्धो आँखाको तिर्खा मशीहासाथ सवाल गर्छ। अमिट खोजले सारा ढोका खोली हेर्दा कहीं | यो, मा |
| प्यास चहार्दछ खोजी। | | कोही |
| जीवनज्योतिको ज्वाला कहाँ गो ? | | त्यो |
| अपनाएथैं जो रोजी ? | | मैले |
| अन्धो आँखाको यो तिर्खा | | मेरो |

| | | |
|---|---|---|
| गर्छ मशीहासाथ सवाल : | दिव्य गुमेको माल मिल्दछ ? | एक |
| ''अमिट खोजले सारा ढोका | | मैले |
| खोली हेर्दा, मिल्दछ काहीँ, | | - |
| दिव्य गुमेको माल ?'' | | त्यो |
| **अनुच्छेद ९** | | |
| थिइन् दया ती ! निष्ठुरता म ! | म निष्ठुरता ती दया थिइन्। | - |
| आफ्नी ढुकुटी भन्ठाने ! | आफ्नी ढिकुटी भन्ठाने। | मैले |
| मसिना, खस्रा, सारा इच्छा | अब थन्क्याएका सारा खस्रा मसिना इच्छा जाने। | मेरा |
| थन्काएथैँ – अब जानँ | ती ज्योतिभन्दा मसिनी थिइन्। | मैले |
| ज्योतिभन्दा मसिनी थिइन् ती | माटोभन्दा खस्रो मैले सच्चा अन्दाज गर्न सकिन। | - |
| माटो भन्दा खस्रो म ! | हाय प्यारको सेवा पुगेन। | थिएँ |
| अन्दाज सच्चा गर्न सकिन्नँ ! | लायकदार रहिँन। | मैले |
| प्यारको सेवा हाय ! पुगेन ! | | मेरो |
| लायककदर रहिनँ ! | | म |
| **अनुच्छेद १०** | | |
| यस तटमा छु सागरको म | म सागरको यस तटमा छु। | - |
| उस तटमा छौ ए मुमताज ! | ए ! मुमताज तिमी उस तटमा छौ। | तिमी |
| शाहजहाँ यो छटपट गर्दछ, ! | पदधूलीमा ताज फ्याँकी यो शाहजहाँ छटपट गर्दछ | - |
| पदधूलीमा फ्याँकी ताज ! | । | शिरको |
| असीम अकेलापन अब रून्छे, | अब असीम अकेलापन रून्छे। | यहाँ |
| ती सब दाना, ती सब दाना | ती सब दाना जसले यो संसार बन्यो। | भन्दै |
| जसले बन्यो यो संसार ! | आधा जीवन शून्यमा विलीन छ। | - |
| आधा जीवन शून्य विलीन छ, | आधा स्मृतिको धार बग्दछ। | मेरा |
| आधा बग्दछ स्मृतिको धार | | जहाँ |
| अनुच्छेद ११ | | |
| अन्तत भाग्यको अनन्त अभागी | ए ! दिलताज अनन्त भाग्यको अनन्त अभागी | यहाँ |
| गरीब शाहको ए दिलताज ! | शाहको गरीब रूप हेर। | म |
| याद धनी छन् रूँदा, सडकमा; | आज सडकमा अपूर्व सपना मागी धनी याद रूँदा | यहाँ |
| अपूर्व सपना मागी आज। | छन्। | - |
| रङ्गपनामा सचेत बनेको | रङ्गपनामा सचेत बनेको मेरो संसार वा अमरमा | यो |
| मेरो, अमरमा के उपहार ? | उपहार के जीवन चढाऊँ। | तिमीलाई |
| संसार चढाऊँ ! जीवन चढाऊँ ! | ए ! सुकुमार त्यो पनि तुच्छ छ। | कि |
| तुच्छ छ त्यो पनि ए सुकुमार ! | | तिम्रालागि |
| **अनुच्छेद १२** | | |
| हाम्रा धन सब माटो धुलिन्छन् ! | हाम्रा सब धन माटोझैं धूलिन्छन्। | यी |
| भावपुतली उड्छन्, भुलिन्छन् ! | भाव पुतली उड्दै भूलिन्छन्। | सबै |
| अमर तिमीमा के उपहार ? | तिमीमा के अमर उपहार चढाऊँ। | चढाऊँ |
| नीरवताले छुन्छे हाम्रो | नीरवताले हाम्रो स्पन्दित दिलको चिर गुँजार छुन्छे | - |
| स्पन्दित दिलको चिर गुँजार ! | । | यो |
| क्रन्दन, पुकार ! | यो संसारको छायाचित्र क्रन्दन पुकार हो। | अनि |
| छायाचित्र यो संसार ! | | बनिन्छ |
| **अनुच्छेद १३** | | |

| | | |
|---|---|---|
| लाचारीका झोँक्का पलकमा जल गुड्दछन् ! | लाचारीका झोँक्का जल पलकमा गुड्दछन्। इच्छा रङ्गिदै उड्छन्। केवल अमरकला अपार देश र काल नाघ्दछ। यस जगतिर उस जगतिर मिली सुत्यौं, उठ्यौं। यस जमुनाको क्रन्दन किनारमा भष्मभष्मको विवाह जनाउन, मूक हृदयको गुञ्जार सुनाउन एक अद्भूतको साझा शयनागार शिल्पन लाउँछु। | यी, भई |
| इच्छा रङ्गिन्छन्, उड्छन् ! | | हरू |
| केवल अमर कलाको इङ्गित | | मात्र |
| नाघ्दछ देश र काल अपार ! | | - |
| मिली सुत्यौं यस जगतिर भन्ने, | | हामी |
| मिली उठेयौं उस जगतिर भन्ने | | हामी |
| भष्म–भष्मको विवाह जनाउन, | | ती |
| मूक हृदयको गुन्जार सुनाउन, | | यो |
| शिल्पन लाउँछु एक अद्भूतको, | | म |
| साजा एउटा शयनागार। | | - |
| यस जमुनाको क्रन्दन–किनार ! | | अब, मा |
| **अनुच्छेद १४** | | |
| कालले कहिल्यै यस्तो मीठो | कालले यस्तो मीठो फूल कहिल्यै टिपेन। जसको सुगन्ध टिपिएपछि पनि भूमण्डलको स्मृतिमा गुँज्दछ। सम्झनालाई धनी बनाई यो गुँजिरहला। तर भविष्यले निशिभर मेरो आत्मासँग निरन्तर सोध्ला। तिनलाई आँसुसँगमा के चढाईस्। | त्यो |
| फूल टिपेन ! | | - |
| टिपिएपछि पनि जसको सुगन्ध, | | - |
| भूमण्डलको स्मृतिमा गुँज्दछ, | | यस |
| गुँजिरहला, | | सदा |
| सम्झनुलाई धनी बनाई। | | - |
| भविष्यले तर सोध्ला निरन्तर, | | अवश्य |
| मेरो आत्मासँगमा निशिभर, | | - |
| ''के चढाइस् आँसुसँगमा | | तैंले |
| तिनलाई ?'' | | - |
| **अनुच्छेद १५** | | |
| धनी खरानी उपर शिल्पको | शिल्पको खरानी उपर धनी रानी झुकेर रोउन्। त्यो अमरलताका जराहरूको ज्यान माटोमा फिँजाउँछु। तिनको प्यारको बीउ आद्र्र दृगका जलकणले बोई । प्रेमले ताजा मरमर कालविजेता मन्त्रोस्। जलले अपूर्व छिनाहरू धोई। अपूर्व कलिलो स्मारक उठाउँछु अनि दुई साथ सुतौंला। | यस |
| रानी झुकुन् रोई। | | ती |
| त्यो माटोमा अमरलताका | | यही |
| जराहरूको ज्यान फिजाउँछु । | | म |
| प्यारका जलकण तिनका बीउ | | यी |
| आर्द्र दृगले बोई, बोई ! | | यो |
| काल विजेता ताजा मरमर | | सिर्जन्छु |
| प्रेमले मन्त्रोस्, अपूर्व छिनाहरू | | ती |
| जलले धोई। | | पवित्र |
| अपूर्व स्मारक कलिलो उठाउँछु, | | एक |
| साथ सुतौंला अनि दोई ! | | हामी |
| **अनुच्छेद १६** | | |
| तरलताले छाओस् मरमर, | तरलताले कोमल, सुन्दर र स्नायु सजीव मरमर छाओस्। सचेत छिनाले एकलयका तिनभर सुरका चोट काटून्। लतिका फुल्दा रोदन दिलभर मोती झुलून्। विहाग रातको आत्मा साकार गर्न चिर गुञ्जनले | त्यो |
| स्नायुसजीव र कोमल, सुन्दर ! | | - |
| एक लयका सुरका चोट | | बाट |
| सचेत छिनाले काटुन् तिनभर | | - |
| मोती झुल्ने लतिका फुल्दा, | | जहाँ |
| रोदन दिलभर ! | | यस |

| | | |
|---|---|---|
| विहाग रातको आत्मा साकार, | आगार रचियोस्। रूदित बनोटको मरमरमा उज्यालो सपना आओस्। सुन्दरतामा वियोगव्यथाको शाश्वत स्मारक बनोस्। प्यारका हृदयहरूले युगयुग स्पन्दनको गुञ्जार पाऊन्। मृदुल आत्मा मरमर चढीकन प्यारको सपना र भेटी पाई जमुना किनार विलपी पघलोस्। | - |
| चिर गुञ्जनले रचियोस् आगार, | | - |
| रोदनको झैं घर ! | | बनोस् |
| रूदित बनोटको स्वपना उज्यालो | | - |
| मरमरमा ! | | छओस् |
| शाश्वत स्मारक वियोगव्यथाको | | - |
| सुन्दरतामा ! | | सिर्जना होस् |
| युगयुग प्यारका हृदयहरूले | | कैयौं |
| पाऊन् स्पन्दन, प्रेरणा गुन्जार | | - |
| प्यारको स्वपना, प्यारको भेटी, | | पाऊन् |
| मरमर आत्मा मृदुल चढीकन | | - |
| पघलोस्, विलपी | | - |
| जमुना–किनार | | - |
| **अनुच्छेद १७** | | |
| कला अगाडि सम्राट्को होस् | कलाअगाडि सम्राटको झिलझिल ताजको उपहास होस्। इतिहास भन्दछ, मट्टीहरूमा शिल्पित मन्दिर टिक्दछ। उपलाङ्कित अभिधा ताजको एक दिव्य काव्य होस्। जिन्दगी र मृत्यु त्यसका खास जिल्द हुनेछन्। | यस |
| ताज रे झिलझिल उपहास ! | | - |
| मट्टीहरूमा शिल्पित मन्दिर | | नै |
| टिक्दछ भन्दछ इतिहास ! | | - |
| उपलाङ्कित एक दिव्यकाव्य होस् ! | | - |
| अभिधा ताज ! | | जसको |
| जिन्दगी औ मृत्यु जसका | | - |
| जिल्द हुनेछन् खास | | - |
| **अनुच्छेद १८** | | |
| कला अगाडि सम्राट्को होस् | रूपद्वारा बिलौना हत दिलको साकार सङ्गीत सुनाऊँ। रूदित भावको मसृण छिनाले दिलको मीँड बजाऊँ। वियोगी बुलबुलको स्वरलहरीझैं एक पाषाण बनोस्। पुनीत याद दिने निर्माण होस्। जमुना मेरो गीत बन्लिन्। | म |
| ताज रे झिलझिल उपहास ! | | यस |
| मट्टीहरूमा शिल्पित मन्दिर | | - |
| टिक्दछ भन्दछ इतिहास ! | | यस |
| उपलाङ्कित एक दिव्यकाव्य होस् ! | | - |
| अभिधा ताज ! | | - |
| जिन्दगी औ मृत्यु जसका | | - |
| जिल्द हुनेछन् खास | | अनि |
| **अनुच्छेद १९** | | |
| शिल्पित उपलको बेलीवनमा, | यो रूह उपलको शिल्पित बेलीवनमा बुलबुल गाउला। खलबल दिलको पीडा, घनले निलेकी शशी सम्झी युगका यात्री सामु बोली रहला। मेरा नजरका मोती सीमित छन्। | यस |
| यो रूह बुलबुल, | | - |
| घनले निलेकी शशीकन सम्झी, | | - |
| बोली रहला युगका यात्री | | - |
| सामु, दिलको, पीडा, खलवल ! | | बनाइ |
| **अनुच्छेद २०** | | |
| मेरा दृगका मोती सीमित ! | सारा नजरका मोती मागूँ। भिखारी भई यस तटमा मोती मागूँ। प्यारहरूका दानादाना जुगजुगसम्म सब गहिराइ बटुलेर राखूँ। | छन् |
| सारा नजरका मोती मागूँ ! | | म |
| मोती भिखारी भई यस तटमा, | | आफैं |
| जुगजुगका सब प्यारहरूका | | ती |

| | | |
|---|---|---|
| गहिराइका, दाना, दाना, | रोई भविष्यसम्म निरन्तर तेरो उपहार मागूँ। | मोती |
| बटुलूँ, राखूँ ! | | मागेर |
| दुनिया डाकूँ ! | | सारा |
| भविष्य ! तेरो उपहार निरन्तर | | हे ! |
| रोई, मागूँ ! | | के म सँधै |
| | **अनुच्छेद २१** | |
| व्योमको गुम्मजप्यारको गुम्मज ! | यो व्योमको प्यारको गुम्मज जसको अविरल | यो, बनोस् |
| यी पृथिवी हुन् अविरल जसकी | शिल्पकला पृथिवी हुन्।<br>यी लहरा प्यारका तृष्णा हुन्। | जस्तो<br>आकारकी |
| शिल्पकला ! | यी चेली, बेली कलिला लहरा सुन्दर सरिताका | होस् |
| यी लहरा हुन् प्यारका तृष्णा, | प्यारका तृष्णा हुन्। | जसको |
| सरिताका यी सुन्दर चेली, | यी कुसुम, चट्टान, शिला विश्वशिल्पी प्राण पवनले | - |
| बेली, कलिला ! | कुँदिई बनेका हुन्। | तृष्णा, हुन् |
| यी कुसुम हुन् विश्वशिल्पी प्राणपवनले | यो परमेश्रको सृष्टि निशिदिन बत्ती सामु भला हो | - |
| कुँदिई बनेका चट्टान, शिला ! | असीम अगम स्मारक कोहीनिम्ति स्थायी हुँदैन | हुन् |
| निशदिन बत्तीसामु भला ! | के तिमी पनि एक्लै रूँदैनौ ? | होस् |
| सृष्टि हो यो परमेश्वरको | शबनम निशिमा भन | - |
| स्थायी स्मारक कोही निम्ति ! | | बनोस् |
| असीम ! अगम ! | | स्मारक होस् |
| के रूँदैनौ तिमी एकला | | - |
| निशिमा भन रे ? | | - |
| शबनम ? शबनम ? | | मेरी, मेरी |
| | **अनुच्छेद २२** | |
| निद्रित बुलबुल त्यस अघि बोलून्, | त्यसअघि मानव दिलका निद्रित बुलबल बोलून्। | - |
| मानव दिलका ! | पलका पङ्खहरूले स्थानकालका सीमा नाघून्। | - |
| स्थान, कालका सीमा नाघून् | यो शयनागार मेरो नभई प्यारकै होस्। | आहट |
| पङ्खहरूले पलका | मुमताज सौन्दर्य होइन। | - |
| मेरो होइन, प्यारकै होस् यो शयनागार | जमुना किनारमा सुतेर सपनून् (सपना देखून्) | - |
| मुमताज, होइन, सौन्दर्य | सागरको तृष्णा बोलिरहोस्। | - |
| सुतेर सपनून् जमुना–किनार। | दगुर्दी जलाधार रोई। | - |
| सागरतृष्णा बोलिरहोस्, | | अनि |
| रोई दगुर्दी जलधार। | | - |
| | **अनुच्छेद २३** | |
| प्यार नै हो धर्म्म महान् ! | सुन्दरतम प्यार नै महान धर्म हो। | विशुद्ध |
| सुन्दरतम् ! | ईश्वर सुन्दरको ताज हो | हो |
| सुन्दरताको हो ताज रे ईश्वर ! | भक्तिमार्ग र भेटी शबनम हो। | |
| मार्ग भक्ति ! | सुन्दरताको मसिनो आहटनै आत्मा सुन्दछ। | प्रेमको |
| भेटी शबनम ! | दिलमा अनौठो बोलावट त्यसको शेष सृष्टिमा छ। | प्रेमको |
| सुन्दरको नै आत्मा सुन्दछ, | आशा, इशारा, तृष्णा त्यसको गति हो जसले | प्रेमलाई |
| मसिनो आहट ! | सलिल किनाराका आत्माआत्मालाई चिनाउँछ। | प्रेमको, हो |
| शेष सृष्टिबाट छ त्यसको | म उक्लँदा ती ओर्लिन्छिन्। | - |
| दिलमा अनौठो बोलावट ! | यादको भजन इश्क़ मिलन हो | सबको |

| | | |
|---|---|---|
| तृष्णा गति हो ! | स्मारक पूजन विन्दुविन्दुको माला हो हाम्रा हाउ भाउ नट हुन्। सव धर्मको आत्मा प्यार हो। जलको घट वेद पुरान हो। | प्रेमको |
| आशा इशारा ! | | प्रेमको, हो |
| आत्मा आत्मालाई चिनाउँछ | | प्रेमले |
| सलिल किनारा, सलिल किनारा ! | | - |
| म उक्लन्छु, ती ओर्लिन्छिन् ! | | - |
| इश्क मिलन हो इश्क मिलन | | - |
| याद भजन ! | | प्रेमको, हो |
| स्मारक, पूजन ! | | प्रेमको, हो |
| विन्दु, विन्दुका माला ! | | प्रेम |
| हावभाव हुन् हाम्रा नट ! | | प्रेमका |
| सब धर्म्मको हो आत्मा प्यार ! | | - |
| वेद कुरान हो | | प्रेम |
| जलको घट ! | | प्रेम हो |
| | **अनुच्छेद २४** | |
| पुतलीको यो बत्ती पछिको | यो बत्तीपछिको पुतलीको छटपटाई स्मारक होस्। यो जमुना जलसागरसम्म प्रेम कथाको प्रचारक होस्। स्वर्ग मोहनी चाँदनीको पत्थर उरको दारक होस्। अछुत अवलम्बित श्री यसको उचाईमा भाव विचारक होस्। संसारको पत्थरमाथि यो एक जलको अङ्क शाहको ताज महल होस्। जगभर जाती एकसानु कलङ्क विनाको आदर्श स्थित रहोस् सुषमाप्रति साथी यो युगयुग चिर वन्दन साथ सुतौंला। मानव दिलमा विश्वधर्मको निरन्तर स्पन्दन दिई निशिदिन चूप लागेर सुती पाषाणहरूमा भाषा भरूँला | - |
| छटपटलाई स्मारक होस् ! | | - |
| जमुनाजल यो सागरसम्मन् | | - |
| प्रेमकथाको प्रचारक होस् ! | | हाम्रो |
| चाँदनीको स्वर्ग मोहनी | | झैं |
| पत्थर उरको दारक होस्। | | - |
| अछुत उँचाइमा अवलम्बित श्री | | - |
| यसको भावविचारक होस् ! | | - |
| संसारको यो पत्थरमाथि | | - |
| एक शाहको जलको अङ्क ! | | होस् |
| ताजमहल होस् ! जगभर जाती ! | | - |
| आदर्श, बिना एक सानु कलङ्क ! | | नहोस् |
| सुषमाप्रति यो चिर वन्दन ! | | मेरो |
| साथ सुतौंला युगयुग साथी ! | | अनि |
| मानव दिलमा विश्वधर्म्मको | | हरेक |
| दिई निरन्तर स्पन्दन ! | | - |
| पाषाणहरूमा भाषा भरूँला, | | - |
| चूप सुती निशिदिन ! | | रहौंला |

(देवकोटा, २०७६, पृ. ९०-९८ )

**कवितामा विचलन**

आफ्नो विशिष्ट नियमितता रहनु तथा परम्परामा आश्रित रहनु भाषाको विशेषता हो। भाषाले निश्चित र निर्धारित व्याकरणिक नियमको परिधिमा रही संरचनात्मक स्वरूप प्राप्त गरेको हुन्छ। काव्यात्मक संरचना अथवा अभिव्यक्तिभित्र पूर्ण रूपमा निश्चित र निर्धारित भइसकेका मानक भाषिक नियमहरूको सार्थक तथा व्यवहारोपयोगी क्रमभङ्गता, भञ्जन वा अतिक्रमणबाट कविताभित्र विद्यमान भाषिक सौन्दर्यका नूतन आयाम र संभावनाको खोजी गरिन्छ। कवितामा भाषिक विचलनको प्रक्रियालाई  खोजी गरी काव्यात्मक लय निर्माणमा भाषिक

विचलनले के कस्तो प्रभाव पार्दछ भन्ने तथ्यको खोजी गरिन्छ भने भाषिक विचलनका कारण कवितामा विद्यमान बाह्यान्तरिक लयसौन्दर्यको सन्तुलन मापन गरिन्छ (गौतम, २०७६, पृ. ५८० ) । विशेष गरी गद्यलयमा संरचित कवितामा रहेको लय सौन्दर्यका लागि विचलनको अहम् भूमिका रहने गर्दछ भने पद्यमा रचना भए पनि प्रस्तुत कवितामा पर्याप्त मात्रामा मानक भाषिक स्वरूपको विचलन भएको छ ।

प्रस्तुत कविताको पहिलो अनुच्छेद तेह्र पङ्क्तिमा संरचित छ भने मानक भाषिक संरचनामा यो यमुना जलमा मुरली बज्दछ । बुलबुल जलमा पिलपिल कलकल रून्छन् । यो छायाछवियुत यौवन वनको तटमा छ । दिवानिशाको छापाअङ्कित वृन्दावन वियोगमिलनको क्रीडाभूमि हो । यो रोइरहेको इतिहास याद रूँदाको बास हो । यस स्थलमा एक अगोचर मुरलीमा प्रेमी प्राणहरूको बतास चल्दछ रे जस्ता छ वाक्यमा संरचिन हुने क्रममा पर्याप्त भाषिक विचलन भएको छ । यसै गरी कविताको दोस्रो अनुच्छेद नौ पङ्क्तिमा संरचित रहे पनि यसमा एक सुनौली सन्ध्यापछाडि खोजीखोजी सरिताको सागर रोदन छ । जलमा क्रन्दन पौडीरहेछन् । यो अबोला निशा चिहानसरी छ । कब्र उपरका क्रन्दनसरी आँसु स्वर्गभरी विन्दिए रे जस्ता चार मानक वाक्यमा संरचित रहेको छ ।

प्रस्तुत कविताको तेस्रो अनुच्छेद सात पङ्क्तिमा संरचित रहे पनि यसको मानकरूप यहाँ विश्वको अधिपति आफ्ना फूलहरूमा रून्छ । विश्वको अधिपति आफ्ना मृत्यु र परिवर्तनका आदिम स्वनिर्मित भूलहरूमा रून्छ । शूलहरूमा आफ्नो छाती आफैं घोची रून्छ जस्ता तीन वाक्यात्मक संरचना हो । चौथो अनुच्छेद तिनी यो लहरीमाथि सुन्दरतासँग सुतिन् । जागृति, शिथिला कोमलता साथ बोल्ने मुगाहरू बाल्नै छाडे । गुड्ने मोती वर्षन छाडे । जलभर दृग लिएर राती जागा छु । नित ती साथी मस्त निदाइन् । ओहो ! क्या अकेलापन रून्छ जब आकाशभरी चकमन्न पारी भूविचरी कफन ओढ्छिन् जस्ता छ वाक्यमा संरचित छ भने कविता रचनाका क्रममा यो एघार पङ्क्तिमा बितरित रहेको छ । कविताको पाँचौ अनुच्छेदमा पुरूषको अतिपरूष के माग छ ? अति कोमलमा जगवनका जो शान्ति लिनाकन थकित भए । तिनी जगत्का वनका पार थकाइ लागेर निदाइन् । हा ! तिनको के दोष तर वियोगी जनको मन सदा फर्क भनीकन रून्छ । कसरी आउन् क्रूर माग हो । सुमनको पाउ नलागोस् । अनन्त शान्ति जाति हो तर म पुकारी दुःख दिंदो छु । अझ रात जस्तो दिनको पनि मेरो आज राति छ । आदि आठ मानक वाक्यको प्रयोग चौध पङ्क्तिमा विचलनसहित प्रस्तुत भएको छ ।

प्रस्तुत कविताको छैठौं अनुच्छेद उपवनमा वा जनगणमा सुकुमारीको चिर जीवन छ । शिखरज्योतिझैं सुनधूली चढिरहेकी ती क्षणमा झप्प निभिन् । असङ्ख्य ताराहरूको वर्षणमा एक चखेवा रून्छ । क्षणक्षण आँखा जस्तो नीलो गगनमा कणकणमा गनेर बस्छ । चार मानक वाक्यको संरचनाको वितलित स्वरूप आठ पङ्क्तिमा वितरण भएको छ । सातौं अनुच्छेदका लागि कोही हात उठाई, फैलाईका रोई रूहले सोध्छ । ए ! सन्नाटाको घोर महावनमा खोइ ती कहाँ लुकेकी छिन् ? दुई मानक वाब्यको वितरण चारपङ्क्तिको विचलनसहित प्रस्तुत भएका छन् । अनन्तताको सघन महावन खोजी प्यास चहार्दछ । जो रोजी अपनाएथैं त्यो जीवनज्योतिको ज्वाला कहाँ गयो ? यो अन्धो आँखाको तिर्खा मशीहासाथ सवाल गर्छ । जस्ता तीन मानक वाक्य आठौं अनुच्छेदका नौ पङ्क्तिमा विचलन भई संरचित यस कवितामा नवौं अनुच्छेदमा अमिट खोजले सारा ढोका खोली हेर्दा कहीं दिव्य गुमेको माल मिल्दछ ? म निष्ठुरता ती दया थिइन् । आफ्नी ढिकुटी भन्ठाने । अब थन्क्याएका सारा खस्रा मसिना इच्छा जाने । ती ज्योतिभन्दा मसिनी थिइन् । माटोभन्दा खस्रो मैले सच्चा अन्दाज गर्न सकिन । हाय प्यारको सेवा पुगेन । लायकदार रहिँन । जस्ता आठ मानक वाक्यको विचलनसहितका नौ पङ्क्तिमा वितरण भएका छन् ।

प्रस्तुत कविताको दशौं अनुच्छेदमा म सागरको यस तटमा छु । ए ! मुमताज उस तटमा छौ । पदधूलीमा ताज फ्याँकी यो शाहजहाँ छटपट गर्दछ । अब असीम अकेलापन रून्छे । ती सब दाना जसले यो संसार बन्यो ।

आधा जीवन शून्यमा विलीन छ । आधा स्मृतिको धार बग्दछ । जस्ता सात वाक्य कविताको नौ पङ्क्तिको प्राप्ति हो । कविताको एघारौं अनुच्छेदका ए ! दिलताज अनन्त भाग्यको अनन्त अभागी शाहको गरीब रूप हेर । आज सडकमा अपूर्व सपना मागी धनी याद रूँदा छन् । रङ्गपनामा सचेत बनेको मेरो संसार वा अमरमा उपहार के जीवन चढाऊँ । ए ! सुकुमार त्यो पनि तुच्छ छ । जस्ता चार वाक्य आठ पङ्क्तिमा विचलन भएको कविताको बाह्रौं अनुच्छेदका हाम्रा सब धन माटो धूलिन्छन् । भाव पुतली उड्दै भूलिन्छन् । तिमीमा के अमर उपहार चढाऊँ । नीरवताले हाम्रो स्पन्दित दिलको चिर गुँजार छुन्छे । यो संसारको छायाचित्र क्रन्दन पुकार हो । आदि पाँच वाक्य सात पङ्क्तिको अन्तर्वस्तु प्रस्तुतिका लागि वितरण भएका छन् ।

प्रस्तुत कविताको तेह्रौं अनुच्छेदमा रहेका लाचारीका झोँक्का जल पलकमा गुड्दछन् । इच्छा रङ्गिदै उड्छन् । केवल अमरकला अपार देश र काल नाघ्दछ । यस जगतिर उस जगतिर मिली सुत्यौं, उठ्यौं । यस जमुनाको क्रन्दन किनारमा भष्मभष्मको विवाह जनाउन, मूक हृदयको गुञ्जार सुनाउन एक अद्भुतको साझा शयनागार शिल्पन लाउँछु । जस्ता पाँच मानक वाक्य एघार पङ्क्तिको विचलनयुक्त संरचना बनेको छ । कविताको चौधौं अनुच्छेदमा कालले यस्तो मीठो फूल कहिल्यै टिपेन । जसको सुगन्ध टिपिएपछि पनि भूमण्डलको स्मृतिमा गुँज्दछ । सम्झनालाई धनी बनाई यो गुँजिरहला । तर भविष्यले निशिभर मेरो आत्मासँग निरन्तर सोध्ला । तिनलाई आँसुसँगमा के चढाईस् । आदि पाँच वाक्यको विचलित स्वरूप दश पङ्क्तिमा वितरण भएको छ । कविताको पन्ध्रौं अनुच्छेदका शिल्पको खरानी उपर धनी रानी झुकेर रोउन् । त्यो अमरलताका जराहरूको ज्यान माटोमा फिँजाउँछु । तिनको प्यारको बीउ आर्द्र दृगका जलकणले बोई । प्रेमले ताजा मरमर कालविजेता मन्त्रोस् । जलले अपूर्व छिनाहरू धोई । अपूर्व कलिलो स्मारक उठाउँछु अनि दुई साथ सुतौंला । जस्ता छ मानक वाक्य एघार पङ्क्तिको लयनिर्धारणको आधार बनेको छ । सोह्रौ अनुच्छेदका तरलताले कोमल, सुन्दर र स्नायु सजीव मरमर छाओस् । सचेत छिनाले एकलयका तिनभर सुरका चोट काटून् । लतिका फुल्दा रोदन दिलभर मोती झुलून् । विहाग रातको आत्मा साकार गर्न चिर गुञ्जनले आगार रचियोस् । रूदित बनोटको मरमरमा उज्यालो सपना आओस् । सुन्दरतामा वियोगव्यथाको शाश्वत स्मारक बनोस् । प्यारका हृदयहरूले युगयुग स्पन्दनको गुञ्जार पाऊन् । मृदुल आत्मा मरमर चढीकन प्यारको सपना र भेटी पाई जमुना किनार विलपी पघलोस् जस्ता आठ वाक्य उन्नाईस पङ्क्तिमा वितरण भई आन्तरिक लय निर्माणका आधार बनेका छन् ।

प्रस्तुत कविताको सत्रौं अनुच्छेदका कलाअगाडि सम्राटको झिलझिल ताजको उपहास होस् । इतिहास भन्दछ, मट्टीहरूमा शिल्पित मन्दिर टिक्दछ । उपलाङ्कित अभिधा ताजको एक दिव्य काव्य होस् । जिन्दगी र मृत्यु त्यसका खास जिल्द हुनेछन् । जस्ता वाक्य आठ पङक्तिमा विचलन भई रचना भएको यस कविताको अठारौं अनुच्छेदका रूपद्वारा बिलौना हत दिलको साकार सङ्गीत सुनाऊँ । रूदित भावको मसृण छिनाले दिलको मीँड बजाऊँ । वियोगी बुलबुलको स्वरलहरीझैं एक पाषाण बनोस् । पुनीत याद दिने निर्माण होस् । जमुना मेरो गीत बन्लिन् । जस्ता पाँच मानक वाक्य आठ पङ्क्तिमा वितरण भई लय निर्माणमा सहयोगी सिद्ध भएका छन् ।

प्रस्तुत कविताको उन्नाईसौं अनुच्छेद तीन मानक वाक्यमा संरचित छ । यसका यो रूह उपलको शिल्पित बेलीवनमा बुलबुल गाउला । खलबल दिलको पीडा, घनले निलेकी शशी सम्झी युगका यात्री सामु बोली रहला । मेरा नजरका मोती सीमित छन् । जस्ता वाक्य काव्यिक सङ्कथनको पाँच पङ्क्तिको अन्तर्वस्तु तथा लयनिर्माणको आधार हो । बीसौं अनुच्छेदका सारा नजरका मोती मागूँ । भिखारी भई यस तटमा मोती मागूँ । प्यारहरूका दानादाना जुगजुगसम्म सब गहिराइ बटुलेर राखूँ । रोई भविष्यसम्म निरन्तर तेरो उपहार मागूँ । जस्ता चार वाक्यको विचलन भई नौ पङ्क्तिको निर्माणसँगै अभिव्यक्तिगत सङ्क्षिप्तता सिर्जना गरी लयनिर्माणका आधार बनेका छन् ।

कविताको एक्काईसौं अनुच्छेदका यो व्योमको प्यारको गुम्मज जसको अविरल शिल्पकला पृथिवी हुन् । यी लहरा प्यारका तृष्णा हुन् । यी चेली, बेली कलिला लहरा सुन्दर सरिताका प्यारका तृष्णा हुन् । यी कुसुम, चट्टान, शिला विश्वशिल्पी प्राण पवनले कुँदिई बनेका हुन् । यो परमेश्रको सृष्टि निशिदिन बत्ती सामु भला हो असीम अगम स्मारक कोहीनिम्ति स्थायी हुँदैन के तिमी पनि एक्लै रूँदैनौ ? शबनम निशिमा भन जस्ता आठ वाक्यको विस्तार विचलित पन्ध्र पङ्क्तिमा भएको छ ।

प्रस्तुत कविताको बाईसौं अनुच्छेदको संरचना गर्ने त्यसअघि मानव दिलका निद्रित बुलबल बोलून् । पलका पङ्खहरूले स्थानकालका सीमा नाघून् । यो शयनागार मेरो नभई प्यारकै होस् । मुमताज सौन्दर्य होइन । जमुना किनारमा सुतेर सपनून् (सपना देखून्) सागरको तृष्णा बोलिरहोस् / दगुर्दी जलाधार रोई / जस्ता सात मानक वाक्यको विचलन भई आठ पङ्क्तिको निर्माण भएको छ । कविताको तेईसौं अनुच्छेदका बाह्र मानक वाक्य जस्तैः सुन्दरतम प्यार नै महान धर्म हो । ईश्वर सुन्दरको ताज हो । भक्तिमार्ग र भेटी शबनम हो । सुन्दरताको मसिनो आहटनै आत्मा सुन्दछ । दिलमा अनौठो बोलावट त्यसको शेष सृष्टिमा छ । आशा, इशारा, तृष्णा त्यसको गति हो जसले सलिल किनाराका आत्माआत्मालाई चिनाउँछ । म उक्लँदा ती ओर्लिन्छिन् । यादको भजन इश्क़ मिलन हो स्मारक पूजन विन्दुविन्दुको माला हो हाम्रा हाउ भाउ नट हुन् । सब धर्मको आत्मा प्यार हो । जलको घट वेद पुरान हो ।ले कविताको बाईस पङक्तिको निर्माण गरेको छ । यस प्रकारको मानक वाक्यको विचलन भई पङ्क्ति, अनुच्छेद निर्माण हुने क्रममा भाषाको मानक रूप त भत्किएकै छ भने यो भत्काई लयविधानलाई साकार रूप दिने सन्दर्भमा प्रेरक भूमिकामा रहेका छन् ।

प्रस्तुत कविताको चौबीसौं अर्थात् अन्तिम अनुच्छेदका नौ मानक वाक्य जस्तैः यो बत्तीपछिको पुतलीको छटपटाई स्मारक होस् । यो जमुना जलसागरसम्म प्रेम कथाको प्रचारक होस् । स्वर्ग मोहनी चाँदनीको पत्थर उरको दारक होस् । अछुत अवलम्बित श्री यसको उचाईमा भाव विचारक होस् । संसारको पत्थरमाथि यो एक जलको अङ्क शाहको ताज महल होस् । जगभर जाती एकसानु कलङ्क विनाको आदर्श स्थित रहोस् । सुषमाप्रति साथी यो युगयुग चिर वन्दन साथ सुतौंला । मानव दिलमा विश्वधर्मको निरन्तर स्पन्दन दिई । निशिदिन चूप लागेर सुती पाषाणहरूमा भाषा भरूँला वाक्यको विचलन भई अठार पङ्क्तिको निर्माण भएको छ । प्रस्तुत कवितामा भाषाको मानक रूपलाई अत्यधिक विचलन गरी काव्यिक सङ्कथनले पूर्णता पाएको छ । कविताको भाषिक विचलन अकारण नभई कविले बाह्यान्तरिक लय सिर्जनाका लागि गरेको विचलनले ध्वन्यात्मक साङ्गीतिकता सृजना गर्नका लागि अहम् भूमिका मात्र खेलेको छैन अपितु कवितालाई उच्चतम कोटिमा स्थापित गर्नका लागि पनि सहयोगी सिद्ध भएको छ ।

**कवितामा लोप**

साहित्यिक कृति वा भाषिक सङ्कथनमा आएका भाषिक संरचनालाई सिर्जनाभित्र पटकपटक प्रयोगमा नल्याई भाषिक संरचनाको अर्थ ग्रहण गर्ने प्रक्रियालाई लोप भनिन्छ । लोपमा एउटै वा फरक आर्थी सम्बन्ध रहेका भाषिक संरचनाको आवृत्तिलाई निरूत्साहित गरी सहचार सम्बन्ध स्थापित गरी अर्थबोध गरिन्छ । यस कवितामा अध्याहारबाट अर्थबोध गर्ने आधारसहित पद र पदावलीका तहमा पर्याप्त लोप भएको छ । यस कविताको पहिलो अनुच्छेदको दोस्रोको पङ्क्तिको सुरूमा यमुनाको, तेस्रोको सुरूमा जलप्रवाह, पाँचौंको अन्त्यमा हो, छैठौंको सुरूमा जहाँ अन्त्यमा र छ, सातौं, आठौं र नवौंको अन्त्यमा हो एघारौंको सुरूको शब्दको एर रूपायक प्रत्यय र तेहौं पङ्क्तिको अन्त्यमा चल्दछ क्रियापद लोप भएको छ । दोस्रो अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा यो र बीचमा

जस्तो, चौथो पङ्क्तिको बीचमा यमुना, पाँचौंको सुरूमा यमुना र अन्त्यमा छ, सातौंको बीचमा ती र नवौं अन्त्यमा आँसु विन्दिए लोप भएका छन्।

प्रस्तुत कविताको तेस्रो अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा यो, दोस्रोको बीचमा सिर्जनाका, तेस्रोको अन्त्यमा कारण, पाँचौंको सुरूमा आफ्नै र सातौंको सुरूमा स्वनिर्मित शब्दको लोप भएको छ। चौथो अनुच्छेदको दोस्रो पङ्क्तिको अन्त्यमा साथ, तेस्रोको सुरूमा ती र अन्त्यमा बनिन्, चौथोको सुरूमा तिनीसँग, पाँचौंको सुरूमा तिनीसामु र बीचमा म, छैठौंको बीचमा मेरी, सातौंको बीचमा यहाँ, आठौंको सुरूमा सारा, दशौंको बीचमा ती शब्द लोप भएको छ। पाँचौं अनुच्छेदको पहिलो वाक्यको सुरूमा यहाँ, तेस्रोको सुरूमा ती, चौथोको सुरूमा उसपारको उस, पाँचौं र छैठौंको बीचमा यहाँ, सातौंको बीचमा यो, आठौंको बीचमा यी, नवौंको सुरूमा यो, दशौंको सुरूमा तिनलाई, एघारौंको बीचमा नै, बाह्रौंको बीचमा तिनलाई तथा तेह्रौं पङ्क्तिको सुरूमा मेरो लोप भएको छ। छैठौं अनुच्छेदको पहिलो पङ्क्तिको अन्त्यमा हो, दोस्रोको बीच र अन्त्यमा होस्, चौथोको अन्त्यमा एक, छैठौंको सुरूमा ती, सातौंको सुरूमा यो, आठौंको बीचका दुईस्थानमा प्रत्येक लोप भएको छ। सातौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा यी, दोस्रोको सुरूमा कोही, चौथोको सुरूमा यो र अन्त्यमा मा विभक्ति, पाँचौंको सुरूमा कोही, छैठौंको सुरूमा मैले, सातौंको सुरूमा मेरो, आठौंको बीचमा एक लोप भएको छ। आठौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा मैले, तेस्रोको बीचमा त्यो, पाँचौंको सुरूमा मेरा, छैठौंको बीचमा मैले, आठौंको अन्त्यमा थिएँ, नवौंको सुरूमा मैले, दशौंको सुरूमा मेरो र एघारौंको सुरूमा म लोप भएका छन्। नवौं अनुच्छेदको दोस्रो पङ्क्तिको सुरूमा तिमी, चौथोको बीचमा शिरको, पाँचौंको सुरूमा यहाँ छैठौंको सुरुमा भन्दै, आठौंको सुरूमा मेरा र नवौंको सुरूमा जहाँ लोप भएको छ। दशौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा यहाँ, दोस्रोको सुरूमा म, तेस्रोको सुरूमा यहाँ, पाँचौंको सुरूमा यो, सातौंको बीचमा तिमीलाई, आठौंको बीचमा कि, तथा नवौंको सुरूमा तिम्रालागि लोप भएको छ।

प्रस्तुत कविताको एघारौं अनुच्छेदको पहिलो पङ्क्तिको बीचमा यी, दोस्रोको सुरूमा सबै, तेस्रोको अन्त्यमा चढाऊँ, पाँचौंको सुरूका यो, छैठौंको सुरूमा उनिन्छ र सातौंको सुरूमा बनिन्छ लोप भएको छ। बाह्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा यी र बीचमा भई, दोस्रोको इच्छा शब्दमा हरू रूपायक प्रत्यय, तेस्रोको बीचमा मात्र, पाँचौं र छैठौंको सुरूमा हामी, सातौंको सुरूमा ती, आठौंको सुरूमा म, एघारौंको सुरूमा अब र अन्त्यमा मा विभक्ति लोप भएका छन्। तेह्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा त्यो, चौथोको सुरूमा यस, पाँचौंको सुरूमा सदा, छैठौंको बीचमा अवश्य, आठौंको सुरूमा तैंले लोप भएका छन्। चौधौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा यस, दोस्रोको सुरूमा ती, चौथोको सुरूमा यही, पाँचौंको सुरूमा यी, छैठौंको सुरूमा यो, सातौंको अन्त्यमा सिर्जन्छु, आठौंको बीचमा ती, नवौंको सुरूमा एक र दशौंको सुरूमा हामी लोप भएका छन्। पन्ध्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा त्यो, तेस्रोको अन्त्यमा बाट, पाँचौंको सुरूमा जहाँ, छैठौंको बीचमा यस, नवौंको अन्त्यमा बनोस्, एघारौंको अन्त्यमा छाओस्, तेह्रौंको सुरूमा सिर्जना होस्, चौधौंको सुरूमा कैयौं, सत्रौंको अन्त्यमा पाउन् लोप रहेका छन्। सोह्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा यस, तेस्रोको अन्त्यमा नै, छैठौंको सुरूमा जसको लोप भएका छन् भने सत्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा म, दोस्रो र चौथोको बीचमा यस, तथा आठौंको सुरूमा अनि लोप भएको देखिन्छ।

प्रस्तुत कविताको अठारौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूको यस र पाँचौंको अन्त्यमा बनाइ लोप भएको छ भने उन्नाईसौं अनुच्छेदको पहिलो पङ्क्तिको अन्त्यमा छन्, दोस्रोको सुरूमा म, तेस्रोको बीचमा आफैं, चौथोको बीचमा ती, पाँचौंको अन्त्यमा मोती, छैठौंको सुरूमा मागेर, सातौंको सुरूमा सारा, आठौंको सुरूमा हे

तथा नवौंको सुरूमा के म सँधै ? पदावलीको लोप भएको छ । बीसौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा यो र अन्त्यमा बनोस्, दोस्रोको बीचमा जस्ती आकारकी, तेस्रोको अन्त्यमा होस्, चौथोको बीचमा जसको, छैठौंको अन्त्यमा तृष्णा हुन्, आठौंको अन्त्यमा हुन्, नवौंको अन्त्यमा होस्, एघारौंको अन्त्यमा बनोस्, बाह्रौंको अन्त्यमा स्मारक होस्, तथा पन्ध्रौंको सुरू र बीचमा मेरी शब्द लोप भएका छन् । एक्काईसौं अनुच्छेदको दोस्रो पङ्क्तिको अन्त्यमा आहट र सातौंको सुरूमा अनि लोप भएको छ भने बाईसौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा विश्वमा, दोस्रोको अन्त्यमा हो, चौथो र पाँचौंको सुरूमा प्रेमको र अन्त्यमा हो, छैठौंको सुरूमा प्रेमलाई, सातौंको सुरूमा प्रेमको, नवौंको सुरूमा सबको, दशौं र एघारौंको बीचमा प्रेमको, बाह्रौंको बीचमा प्रेमले, सोह्रौं र सत्रौं सुरूमा प्रेमको र अन्त्यमा हो, अठारौंको सुरूमा प्रेम र अन्त्यमा हो, उन्नाईसौंको बीचमा प्रेम एवम् बीसौं पङ्क्तिको सुरूमा प्रेम र अन्त्यमा हो तथा तेईसौं अनुच्छेदको चौथो पङ्क्तिको सुरूमा हाम्रो, पाँचौंको अन्त्यमा झैं, दशौंको अन्त्यमा होस्, बाह्रौंको अन्त्यमा नहोस्, तेह्रौंको सुरूमा मेरो, चौधौंको सुरूमा अनि, पन्ध्रौंको सुरूमा हरेक र अठारौंको बीचमा रहौंला क्रियापदको लोप भएको छ ।

**शाहजहाँको इच्छा कवितामा लेख्यचिह्न र शब्दको वैपरीत्यमूलकता**

काव्यिक लयको निर्माण गर्नका लागि लेख्यचिह्नले महत्त्वपूर्ण भूमिका खेल्दछ । काव्यात्मक अभिव्यक्तिभित्र गति, यति र लय निर्माणका क्रममा सिर्जना हुने आरोह–अवरोह, विश्राम, शाब्दिक आवृत्ति तथा साङ्गीतिक सुर निर्धारकको निर्देशक एकाइका रूपमा लेख्यचिह्न प्रयोग गरिएका हुन्छन् । शाहजहाँको इच्छा लयनिर्धारक लेख्यचिह्नको सन्तुलित प्रयोग भएको कविता हो । यस कवितामा सबैभन्दा बढी १२९ पटक विश्मयादिबोधक चिह्नको प्रयोग भएको छ । यसैगरी अल्पविराम ८३, प्रश्नचिह्न १६, योजक ८, पूर्णविराम ८, अर्धविराम र उद्धरण ४ तथा विसर्ग चिह्नको प्रयोग १ पटक भएको छ । लयात्मकता निर्माण र भावसम्प्रेषणको कारक मानिने लेख्यचिह्नको सन्तुलित र प्रभावकारी प्रयोग भएको यस कवितामा कविले प्रेम भावाभिव्यञ्जनाका क्रममा आएका विषाद्, रोदन, क्रन्दन, पीडा, विरह, व्यथा, क्रोध, आश्चर्य जस्ता सन्दर्भमा भावानुकूल सन्तुलन कायम गर्ने सन्दर्भमा प्रयोग गरिएका विश्मयादिबोधक चिह्नले भावसम्प्रेषणलाई मात्र संयोजन नगरी काव्यिक लयको पट्यारलाग्दो विवृत्तिमूलक उछवासमा नियन्त्रण गरी लयलाई चुस्तस्फूर्त तुल्याई तत्क्षणिक काव्यिक लयात्मकता र ध्वन्यात्मक साङ्गीतिकता सिर्जनका लागि उपयुक्त स्थानमा सही विश्रामलाई साकार रूप दिन सान्दर्भिक र यथोचित् रूपमा यस चिह्नको प्रयोग भएको छ । दोस्रो अधिकतम प्रयोग भएको अल्पविरामले पटकपटकको आवृत्तिमा लयगत सघनता स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । शब्दशब्द, शब्द र पदावली तथा शब्द, पदावली र वाक्यका बीच अन्तर्सम्बन्धलाई निश्चित संवेग र विश्राम व्यवस्थाको सन्तुलनका लागि प्रयुक्त यस चिह्नले काव्यिक लयलाई निनादपूर्ण साङ्गीतिकताका साथ सिङ्गो सङ्कथनलाई गीत्यात्मकताभिमुख गराउन अहम् भूमिका खेलेको छ ।

प्रस्तुत काव्यिक सङ्कथनभित्र आएको योजक चिह्नले लयात्मक स्थिरताका साथै शब्दशब्दबीचको सम्बन्धलाई एकआपसमा जोडी एकत्वपूर्ण भावसंयोजन तथा प्रवाहमय साङ्गीतिकतातर्फ डोहोऱ्याउन सार्थक भूमिका खेलेको छ । काव्यिक गतिशीलतालाई नियन्त्रण गरी वाचक, पाठक, भावकका मानसिकतामा कौतुहल, जिज्ञासा सिर्जना गर्नुका साथै लयगत तीव्रतामा नियन्त्रण गरी लय र भावको सन्तुलन स्थापित गर्न पूर्णविरामले विशेष भूमिका खेलेको छ । विशेष उद्गारयुक्त कथनलाई उद्धरण चिह्नभित्र राखी पाठकप्रतिको आकर्षण र मूल भावप्रवाहतर्फ सङ्केत गरिए पनि यस चिह्नभित्रको उद्गारमा देखिने विश्रामले विशिष्ट लयात्मकतातिर अग्रसर गराएको छ भने लेखकीय कथनको दीर्घविरामका रूपमा पूर्णविरामको प्रयोग गर्दै यसबाट सृजित ध्वन्यात्मक

साङ्गीतिकताको प्रभावोत्पादक सङ्घटनलाई सशक्त तुल्याएको पाइन्छ । कवितामा विस्तारित एकत्वपूर्ण विस्तारित लयलाई नियन्त्रण गर्दै लयगत विवृत्तिमा सन्तुलन ल्याउन अर्धविरामको प्रभावकारी भूमिका निर्वाह गरेको देखिन्छ भने विसर्ग चिह्नले लयात्मक विवृत्ति सिर्जना गरी जिज्ञासु भावाभिव्यक्तिलाई सूक्ष्मता र तीक्ष्णता प्रदान गरेको छ । यसप्रकार यस कवितामा आएका लेख्यचिह्नले प्रस्तुत काव्यिक सङ्कथनमा उच्चतम लयप्रवाहका लागि पृष्ठपोषक भूमिका खेल्दै लयसङ्कुचन, विस्तार, विवृत्ति, लघु तथा पूर्ण विश्रामयुक्त गति, यति र विराम निर्माण गरी काव्यिक लयलाई ध्वन्यात्मक अन्तर्साङ्गीतिकता तथा निनादपूर्ण गीत्यात्मक लयतर्फ अभिमुख गराएको पाइन्छ ।

शब्दहरूको वैपरीत्यमूलक प्रयोग गद्यकवितामा समानान्तरता सम्बन्ध स्थापित गरी आन्तरिक सङ्गीत सिर्जना गर्ने आधार हो । समध्वन्यात्मक उच्चार भएका विपरीत अर्थबोध गराउने शब्दलाई वैपरीत्यमूलकता भनिन्छ जसले मुक्तलयमा संरचित गद्यकवितामा लयसिर्जना गर्न अहम् भूमिका खेल्दछ । प्रस्तुत कवितामा मात्रा छन्दमा संरचित कविता भए पनि यसमा अन्तर्साङ्गीतिकता सिर्जना गर्नका लागि वैपरीत्यमूलक शब्दको प्रयोग न्युनतम तर प्रभावकारी भूमिकामा छ । यस कविताको पहिलो अनुच्छेदमा आएका दिवानिशा, वियोगमिलन शब्दमा देखिने समध्वन्यात्मा उच्चार र विरीतार्थकताले लय र भावसम्प्रेषणलाई अग्रगति प्रदान गरेको छ । कविताको चौथो अनुच्छेदको जागृतिशिथिला तथा सातौं अनुच्छेदमा उल्लिखित सन्नाटाको घोर महावन र अनन्तताको सघन महावन, जीवनज्योतिको ज्वाला र अन्धोआँखा आदि शब्द र पदावलीका सन्नाटाको घोर र अनन्तताको घोर पदावली, ज्योति र ज्वाला एवम् अन्धो र आँखा बीच वैपरीत्यमूलक अर्थका साथै लयनिर्धारणमा प्रभावकारी उपस्थिति देखिन्छ । आठौं अनुच्छेदको दया र निष्ठुरता, ज्योतिभन्दा मसिनी र माटोभन्दा खस्रो, नवौं अनुच्छेदको यस तट र उस तट तथा दशौं अनुच्छेदको भाग्य र अभागी एवम् धनी र गरीब शब्दका बीच विरीतार्थधर्मिता साथै काव्यिक लयनिर्माणमा सहयोगी बनेको पाइन्छ । बाह्रौं अनुच्छेदको मिली सुत्यौं यस र मिली उठ्यौं उस पदावली, चौधौं अनुच्छेदको सम्पन्न र गरीबीसूचक धनी र खरानी, पन्ध्रौं अनुच्छेदको वियोगव्यथा, सोह्रौं अनुच्छेदको जिन्दगी र मृत्यु, बीसौं र तेईसौं अनुच्छेदको निशिदिन (रातदिन) तथा बाईसौं अनुच्छेदको आशा इशारा जस्ता शब्द र पदावली संरचनामा आएका विपरीतार्थक अर्थसम्प्रेषण र ती शब्दले लयनिर्माणमा अहम् भूमिका खेलेका छन् । यसप्रकार प्रस्तुत कवितामा वैपरीत्यमूलक शब्दको सन्तुलित र प्रभावपूर्ण प्रयोग गरी अर्थभावगत सघनता र लयात्मक उत्कृष्टता सिर्जना भएको छ ।

**निष्कर्ष**

नेपाली कविताको स्वर्णयुगको प्रतिनिधित्व गर्ने देवकोटा युगमा आएका विषयवस्तुगत विविधताअन्तर्गत स्वच्छन्दतावादी भावानुभूतिलाई रहस्यवादी दृष्टिकोणका साथ रचना गरिएको कवितालाई कविता तीब्रतम लय, अन्तर्साङ्गीतिक आलङ्कारिक पदविन्यास, पदलालित्य, श्रुतिमधुरता, साङ्गीतिकता तथा लयात्मकता जस्ता विषयमा सबल र सघन रहेको उच्चतम कोटिको मात्राछन्दको रचना हो । मात्राछन्दमा संसचित प्रस्तुत कवितामा लयको नियमित क्रम लयगत सशक्तताको आधार हुँदाहुँदै पनि यसको सिर्जनामा अवलम्बन भएको उच्चारणगत, पङ्क्तिगत र शब्दगत असमानता यस कविताको वैशिष्ट्य हुँदै हो तथापि यसमा विद्यमान नियमित लयव्यवस्थालाई आन्तरिकसङ्गीतयुक्त र निनादपूर्ण तुल्याउन लयनिर्धारक अनुच्छेद योजना र पङ्क्तिविन्यास, आवृत्ति/समानान्तरता, विचलन, लोप, लेख्यचिह्न र शब्दको वैपरीत्यमूलक प्रयोगको भूमिका सशक्त छ । यस कवितामा शब्दगत र पङ्क्तिगत वितरण असमान, अनियमित र विविधतापूर्ण रहेको छ । यो शास्त्रीय नियमको वर्णगत समानता र नियमित अनुप्रासमा आबद्ध नभई स्वतन्त्र तहबाट लयको संयोजन भएको काव्यिक संरचना हो

। प्रस्तुत कविताको सिर्जना गर्दा अकारण र निरूद्देश्य वाक्यहरूलाई खण्डित गरी पङ्क्तिहरूको अनियमित विन्यास गरिएको नभई यस विन्यासले काव्यिक भाव प्रवाहलाई निर्देशित गर्न तथा कवितामा विद्यमान लयात्मकतालाई पृष्ठपोषण गर्न सहयोगी सिद्ध बनेको छ । यस कविताको लेखाइमा अनियमितता भए पनि काव्यिक वाचनका सन्दर्भमा लय सङ्कुचन र लयविस्तारका कारण समान रूपमा सुनिन्छ । कविनिबद्ध वक्ता म अर्थात् समाख्याताको मानसिकतामा रहेको मिलनपछिको वियोगबाट आक्रान्त बनेको सोचले शान्त, स्निग्ध मनमोहक वातावरण तथा निनादपूर्ण कलकल कलरव ध्वनि सिर्जना गर्दै बहने शितलवाहिनी यमुना नदी आच्छादित पर्यावरणलाई वियोगको वेदनाले प्रताडित बनी रोइरहेको भावाभिव्यञ्जनाभित्र प्रेमिकाको आत्मिक शान्ति र सम्पूर्ण प्रेमी हृदयका लागि युगौंयुगसम्म प्रेमप्रतीकका रूपमा जीवन्त रहने स्मारक निर्माण गरी समर्पण गर्ने अभिलाषा र त्यसको परिपूरणको आकाङ्क्षालाई प्रस्तुत गरिएको यस कविताका अनुच्छेद लयगत साङ्गीतिकता सिर्जना गर्न सक्षम रहेको देखिन्छ । समग्रमा प्रस्तुत कविताको लयव्यवस्था ध्वन्यात्मक साङ्गीतिकताप्रणित गीत्यात्मक साङ्गीतिकताले भरपूर रहेको निष्कर्ष हुनआउँछ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र सम्पा. (२०७४). सङ्क्षिप्त साहित्यिक शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०७६). 'सङ्कथन विश्लेषण'.  रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड. (सम्पा). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार । पृ. ५७१–५९१

गौतम, लक्ष्मणप्रसाद (२०६९). कविताको सैद्धान्तिक विमर्श. पाठ्यसामग्री प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०४६). नेपाली कविता भाग ४, साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०६६). साहित्य परिचय (पाँचौं संस्क.),  साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७६). लक्ष्मी कवितासङ्ग्रह (सातौं संस्क.), साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०४८). शैलीविज्ञान, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Abrams, M.H. (1999). *A glossary of  Literary term* (7th ed.), Heinel and Heinel.

Baldick, C. (2001). *The Concise Oxford Dictionary of Literary Terms* (2nd ed.), Oxford University Press.

Boulton, M. (2002). *The Anatomy of Poetries*, (5th ed.), Kalyani Publication.

Child, P. & Rose Flower.(2006). *The Routledge Dictionary of  Literary terms.* (3th ed.), Routledge publications.

Cuddan, J. A.. (2013). *Dictionary of Literary Terms & Literary Theory*. (5th ed.), Wiley-Blackwell.

Muller, G. (1953). *Morphological Poetries*, Blackhole Publication.